# लेखापरीक्षण प्रतिवेदन

## अर्जुनचौपारी गाउँपालिका, स्यांजा

आर्थिक वर्ष २०८०/८१



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# अर्जुनचौपारी गाउँपालिका, स्यांजा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/487

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
अर्जुनचौपारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
स्याङ्जा।

**कैफियतसहितको राय**

हामीले पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण ,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.पालिकाको रु ९९ करोड ३५ लाख २० हजारको लेखापरीक्षण गरिएकोमा रू १ करोड ५७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ६४ लाख २ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ७ लाख ३२ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु. १६ लाख ६३ हजार र पेस्की बाँकी रु.४ लाख हजार रहेको छ।गत वर्षसम्म रु.५ करोड ३१ लाख १९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ६७ लाख ७५ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तर सरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १० करोड ५६ लाख ७७ हजार,गरिबसँग विशेश्वर कार्यक्रमको रु. ७ लाख ३० हजार, मुख्यमन्त्री कार्यक्रमको रु ३७ लाख ३२ हजार, औद्योगिक ग्राम कार्यक्रमको रु १० लाख ९ हजार र वास कार्यक्रमको रु १ लाख ४६ हजार समेत रु. ११ करोड १२ लाख ९५ हजार सुत्रमा समावेश गरेको छैन।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | | |
| ५७ | १८ | १००५७७२९ | ० | ४ | ६४०२२६६ | ० | ५७ | १४ | ३६५५४६३ | ७३२१२० | १६६३९४५ | ८५९३९८ | ० | ० | २५२३३४३ | | ४००००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङ्जा | ५३११९९६१ | ० | ० | ५३११९९६१ | ० | ३६५५४६३ | ५६७७५४२४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको शिर्षक | बेरुजु दफा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | शैक्षिक निकासा तथा कार्यक्रम | ५८ | ५४१२०००.० |
| २ | २०८०/८१ | झोलुङ्गे तथा ट्रसपुल निर्माण | ३९ | ९५४२६६.० |
| ३ | २०८०/८१ | असम्बन्धित लाई भुक्तानी | ५ | ३६०००.० |

# (८०४४३५०१३०० - अर्जुनचौपारी गाउँपालिका, स्यांजा )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकार संचालन गर्ने कार्यमा सहकारिता सहअस्थित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानिय सरकारका काममा जनसहभागिता उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिको उदेश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१२ देखि २०८०।५।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(छ)लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८६८६८३।००.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | दाखिला रसिद/ भौचर | दाखिला मिति | बिवरण | रकम रु. | दाखिला भएको सञ्चित कोष |
|---|---|---|---|---|---|
| १ | ४१४ | २०८१/०६/१६ | पदाधिकारी पोशाक खर्च | ९४३३१ | स्थानिय |
| २ | ३६५ | २०८१।०६।०७ | आशिष शर्मा लगायत ६ कर्मचारीहरुको भ्रमण अवधिको बैठक भत्ता | ४२९२५ | स्थानिय |
| ३ | ४३१ | २०८१/०६/१८ | उपाध्यक्ष सपना गुरुङको यतायत र अनुगमन भत्ता | १०४०० | स्थानिय |
| ४ | ८३१९०८७ | २०८१/०६/१० | बुद्ध आ बि को छात्रबृत्ति बढि निकासा | ५२०० | संघिय |
| | ७५७१४२३ | २०८१/०६/१६ | जन मा बि को छात्रबृत्ती बढि निकासा | ११२०० | संघिय |
| | ८३१९०३० | २०८१।०६।१३ | जन बिकास आ बि को छात्रबृत्ति बढि निकासा | १२०० | संघिय |
| ५ | ७९९६८०४ | २०८१/०६/१६ | चण्डिडाडा आबिको पाठ्यपुस्तक बढि निकासा | ११६६० | संघिय |
| ६ | ८३१९०२४ | २०८१।०६।०९ | पिपलडाँडा आबिको पाठ्यपुस्तक बढि निकासा | १२७३ | संघिय |
| ७ | ४४४ | २०८१।०६।२० | बिभिन्न १३ जना कर्मचारीहरुको अतिरिक्त भत्ता | ६९०४९४ | स्थानिय |
| | | | | ८६८६८३ | |

२ **आर्थिक कारोबारको स्थिति**

**(क) आर्थिक कारोबारको स्थिति :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार गरी पालिकाले पेश गरेको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी धरौटी अन्य कोष समेत** | | 170718220।66 | १ | **चालु खर्च तथा पूँजीगत खर्च** | | 345618826।86 |
| | क) नगद | 0 | | | चालु खर्च | 251782299।86 | |
| | ख) बैंक | 170718220।66 | | | पूँजीगत खर्च | 93836527 | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | 69075139।31 | ३ | **धरौटी फिर्ता** | 1360999 | 1360999 |
| | क) आन्तरिक राजस्व | 7715133।42 | | ४ | **कोष खर्च र मौज्दात** | | 13854732।23 |
| | ख) राजस्व बाँडफाँड | 61360005.89।89 | | | कोषखर्च | 6460521।15 | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | 286449212 | | कोष मौज्दात | 7394211।08 | |
| | क) वित्तिय समानीकरण अनुदान | 75516000 | | ५ | **बैंक मौज्दात संचित कोष** | | 173606154।80 |
| | ख) सशर्त अनुदान | 195933212 | | | संचित कोष मौज्दात | 173606154।80 | |
| | ग) समपूरक अनुदान | 7000000 | | | ख) नगद मौज्दात | 0 | |
| | घ) विशेष अनुदान | 8000000 | | ६ | **शसर्त अनुदान फिर्ता** | 14166117।8 | 14166117।8 |
| ४ | **प्रदेश सरकारबाट प्राप्त** | | 17901750 | ७ | **धरौटी मौज्दात** | 9020137।51 | 9020137।51 |
| | क) वित्तिय समानीकरण अनुदान | 7401750 | | ८ | **IPFMS बाट भूक्तानी** | | 111295493 |
| | ख) सशर्त अनुदान | 5500000 | | | सामाजिक सुरक्षा | 105677258 | |
| | ग) समपुरक अनुदान | 5000000 | | | गरिवसँग बिश्वेश्वर | 730000 | |
| | घ) विशेष अनुदान | 0 | | | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी | 3732243 | |
| | | | | | औधोगिक ग्राम | 1009670 | |
| ५ | **IPFMS बाट भूक्तानी** | | 111295493 | | वास कार्यक्रम | 146322 | |
| | सामाजिक सुरक्षा भत्ता | 105677258 | | | **जम्मा** | | 668922461।20 |
| | गरिवसँग बिश्वेश्वर | 730000 | | | | | |
| | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी | 3732243 | | | | | |
| | औधोगिक ग्राम | 1009670 | | | | | |
| | वास कार्यक्रम | 146322 | | | | | |
| ६ | **कोष तर्फको आय धरौटी समेत** | | 13482646।23 | | | | |
| | कोष तर्फको आय | 11248903.23 | | | | | |
| | धरौटी आय | 2233743 | | | | | |
| | | | 668922461।20 | | | | |

| | जम्मा | | | | |
|---|---|---|---|---|---|

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली,2064 को नियम १०(7) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-1 को मा समावेश रहेको छ । उक्त अनुसूचिमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च 2 प्रतिशत र सानातिना अन्य खर्च 2 प्रतिशत गरी ४ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । पालिकाले यो बर्ष निर्माण कार्यको लागत अनुमानको 3 प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी खर्च गरेकोमा सोको बेग्लै अभिलेख नराखेको कारण कन्टिन्जेन्सीमा कति रकम प्राप्त भई कति रकम खर्च भएको भन्ने सम्बन्धमा एकिन गर्न सकिएन । नियममा भएको व्यवस्थाबमोजिम कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी त्यस्तो खर्चलाई व्यवस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाउने,यसबाट हुने खर्चको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

४ **आयोजनाको मर्मत संभार**

पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन । कार्यबिधि बेगर आयोजनाहरुको मर्मत संभारमा सम्बन्धित उपभोक्ता समितिहरुलाई भुक्तानी गरी निम्नानुसार रु २७ लाख ४९ हजार ८०२ खर्च गरेको छ।स्विकृत कार्यबिधि अनुसार मात्र यस किसिमको खर्च गर्नु पर्दछ।

| क्रम संख्या | भौचर नम्बर मिति | योजना | खर्च रकम |
|---|---|---|---|
| १ | ३४३।२०८१।०३।१८ | तालपोखरी झाक्रि खोला मोटरबाटो मर्मत | १७९१६५ |
| २ | ३३६।२०८१।०३।१६ | तल्लो छाप देउराली गोरेटो बाटो मर्मत | २०५९१९ |
| ३ | २६८।२०८१।०२।०२।२३ | सेति मोटरबाटो मर्मत | १२४९५५ |
| ४ | २७०।२०८१।२।२४ | दारेगौंडा पुरानो चौतारा गोरेटो बाटो | १२२२२० |
| ५ | २७१।२०८१।०२।२४ | पाटा बाटो मर्मत | १६२११४ |
| ६ | २७२।०८१।०२।२४ | सेति थुम्कि गोरेटो बाटो मर्मत | २००९६१ |
| ७ | २८१।२०८१।०२।२७ | भञ्ज्याङ बाँगे गोरेटोबाटो मर्मत | २२९७३० |
| ८ | २४७।२०८१।०२।१७ | झाक्रि खोला राम्चे धौलेपोखरी खानेपानी मर्मत | ११३२८६ |
| ९ | २४९।०८१।०२।१७ | पिपलडाँडा मन्दिर मर्मत | ९२०८९ |
| १० | २२८।०८१।०२।०१ | भवन तथा बाटो मर्मत | ६४६५५२ |
| ११ | १४५।२०८१।०१।१० | सुके खोला खानेपानी योजना मर्मत | १६४६७९ |
| १२ | १२२।२०८०।१२।१५ | अर्जुन चौपारी कन्स्ट्रक्सन सडक मर्मत तथा सरसफाई | १३३३४४ |
| १३ | १०८।२०८०।१२।१२ | हिमरे खोला सिंचाई कुलो मर्मत | १९४००० |
| १४ | २८।२०८०।०८।१४ | वयाले झाक्रि खोला मोटरबाटो मर्मत | १८०७८८ |
| | जम्मा | | २७४९८०२ |

५ **असम्बन्धित लाई भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **३६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६ **ब्याक होय लोडर चार्ज**

२३३।२०८१।०२।०२,

आर्थक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०)बमोजिम सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने ब्यबस्था छ।पञ्चकन्या पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समितिलाई भूक्तानि दिँदा ब्याक होय लोडर चार्ज कट्टा नगरि भूक्तानि भएकोमा सो वापतको रकम असुल उपर गर्नु पर्दछ।

| असुल गर्नुपर्ने | ८,६२४ |
|---|---|

७ **रुम टु रिड**

३८०।२०८१।०३।२३

आर्थक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०)बमोजिम सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन

रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने ब्यबस्था छ। स्प्रिन्टर प्रा.लि लाई रुम टु रिडको पुस्तक खरिद गरि रु २००६८८ भूक्तानि भएकोमा सो पुस्तक विद्यालयलाई हस्तान्तरण गरी सम्बन्धित बिद्यालयको पुस्तकालयमा आम्दानी जनाएको प्रमाण पेश हुनु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,६८८ |

## ८ कृषि सामाग्री

१०५।२०८०।११।३०

आर्थक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(५)बमोजिम सरकारी रकम खर्च गर्दा बिल,भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यबस्था छ।उद्यन चौतारी प्रा.लि लाई कृषि सामाग्री वापत रु ६३५९ रकम भूक्तानि भएकोमा सो को माग फाराम,खरिद आदेश, तथा दाखिला प्रतिवेदन समावेश नभएकोले उक्त रकम खर्च लेख्ने पदाधिकारीबाट असूल गर्नु पर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३५९ |

## ९ डोर हाजिरिमा दररेट भन्दा बढि रकम

१०८।२०८०।१२।१२

आर्थक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(५)बमोजिम सरकारी रकम खर्च गर्दा बिल,भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यबस्था छ।हिमरेखोला सिंचाई कुलो मर्मत योजनालाई रु १९४००० भूक्तानि भएकोमा डोर हाजिरिमा दररेट भन्दा बढि रकम राखि रकम बुझेकोमा उक्त बढि भूक्तानि भएको रकम रु १९३०० असुल उपर गर्नु पर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,३०० |

## १० झाडि बुट्यान फडान

१६०।२०८१।०१।१७

आर्थक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(५)बमोजिम सरकारी रकम खर्च गर्दा बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यबस्था छ। बाँदर नियन्त्रणको लागि झाडि बुट्यान फडान उपभोक्ता समितिलाई रु 1,75,683 भूक्तानि भएकोमा डोर हाजिरिमा दररेट भन्दा बढि रकम भूक्तानि भएकोमा उक्त बढि भुक्तानि भएको रकम रु २७०० असुल उपर गर्नु पर्दछ। रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७०० |

## ११ स्वर्गद्धारी प्रतिक्षालय निर्माण

२०२।२०८१।०१।२६,

आर्थक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(५)बमोजिम सरकारी रकम खर्च गर्दा बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यबस्था छ। स्वर्गद्धारी प्रतिक्षालय निर्माण उपभोक्ता समिति लाई रु 92,107 भूक्तानि भएकोमा डोर हाजिरिमा दररेट भन्दा बढि रकम भूक्तानि भएकोमा उक्त बढि भूक्तानि भएको रकम रु 3500 असुल उपर गर्नु पर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५०० |

## १२ आन्तरीक आय तथा राजश्व

१२.१ आन्तरीक लेखापरीक्षण प्रतिबेदन अनुसार आर्थिक वर्ष २०८०।०८१ मा गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट संकलित राजश्वनिम्नानुसार छ।

| शिर्षक | आ.व२०८०।०८१ को अनुमान | आ.व२०८०।०८१ को संकलन |
|---|---|---|
| सम्पत्ती कर | 495000 | 687601.48 |
| भूमिकर/मालपोत | 435000 | 650076.91 |
| वहाल कर | 55000 | 113441 |
| सवारी साधनकर (साना सवारी) | 15000 | 15500 |
| व्यवसायले भुक्तानीगर्ने (व्यवसाय कर) | 250000 | 250746 |
| कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | 5000 | 23145 |
| अन्य कर | 0 | 704022.83 |
| यातायातक्षेत्रको आम्दानी | 660000 | 128696 |
| अन्य प्रशासनिक सेवाशुल्क | 1100000 | 1491005 |
| अन्यराजश्व | 0 | 1691161.49 |
| अन्यदस्तुर | 1460000 | 323358.71 |
| अन्य क्षेत्रको आय | 1500000 | 1527502 |
| प्रशासनिक दण्ड जरिवानार जफत | 25000 | 108877 |
| जम्मा | **6000000** | **7715133.42** |

आन्तरीक आय तथा राजश्वको लेखापरीक्षण गर्दा देखिएका थप ब्यहोराहरु निम्न छन:

१२.२ आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको नगदी सोहि दिन वा त्यस्को भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने ब्यबस्था छ। जिम्मामा आएको अवधिबाट १० दिन भन्दा बढि ढिला गरेमा १० प्रतिशत जरिवाना गरी कसूरको मात्रा अनुसार बिभागिय कारबाहि समेत गर्न सकिने ब्यबस्था छ। यस पालिकाको स्वामित्वमा रहेको ब्याकहुलोडर प्रयोग वापत संकलित रकम मध्ये ईन्धन खरिद गरेको देखाई निम्नानुसार रकम पालिका सञ्चित कोषमा दाखिला नगरी बिनियोजन बिधेयकमा समेत समावेश नभएको ईन्धन खर्च भएको देखाई सोझै राजश्व रकम श्रेष्ठ पेट्रोल पम्पको बिल संलग्न गरी कुल आयको ३८ प्रतिशत देखि ९० प्रतिशत सम्म खर्च लेखेको छ। ईन्धन खर्चमा पालिका चालु शिर्षकबाट रु ३३ लाख ९५ हजार खर्च लेखेको र सो ईन्धन खर्च समेत मापदण्ड भन्दा बढि देखिएको अवस्थामा पालिका संचित कोष दाखिला गर्नु पर्ने रकमबाट समेत ईन्धनमा देखाएको खर्च सम्बन्धित पदाधिकारीलाई समेत जिम्मेवार बनाई १० प्रतिशत जरिवाना समेत गरी असूल गर्नु पर्दछ।

| क्रम संख्या | भौचर नम्बर मिति | कुल राजश्व रकम | राजश्व दाखिला | | राजश्व मध्ये सोझै खर्च | |
|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | ११२।२०८०।१२।१३ | १४५४५९ | ४७३०५ | ३३ | ९६८२८ | ६७ |
| २ | ११४।२०८०।१२।१३ | ८०९६५ | ७७३३ | १० | ७२२५९ | ९० |
| ३ | २३८।२०८१।०२।०७ | २७८८८९ | १७२२७७ | ६२ | १०५११९६ | ३८ |
| ४ | २३।२०८०।०८।११ | ८३२७१ | ४३५९६ | ५३ | ३९१४८ | ४७ |
| ५ | ४३।२०८०।१०।०८ | ४७०७४२ | १९८९९४ | ४३ | २६८१४० | ५७ |
| ६ | २३९।२०८१।०२।०७ | ८२२६२ | १९२६२ | २४ | ६२१६३ | ७६ |
| | जम्मा | | ४८९१६७ | | ६४३७३४ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४३,७३४ |

१२.३ अर्जुन चौपारी गाउपालिकाको ब्याकहुलोडर संचालन सम्बन्धी कार्यबिधि, २०७९ को अनुसुची १ बमोजिम प्रतिघण्टा रु १३०० र ईन्धन खर्च तथा अपरेटरको सञ्चालन शुल्क समेत हिसाब गरी आय कायम गरिने ब्यबस्था छ। सो बमोजिम कार्यालयको राजश्व आम्दानी भौचरको नमुना छनौट गरी परिक्षण गर्दा रसिद नम्बर ०२।५४६ मिति २०८०।१०।२६ मा प्रति घण्टा २७०० ले आम्दानी गरेको देखाएको छ। साथै पालिकाकै योजनमा उपभोक्ता समितिहरुबाट प्रति घण्टा रु २५०८ को दरले असूल गरेको छ। यसबाट औषत प्रतिघण्टा रु २६०४ को दरले राजश्व असूल भएको छ। पालिकाले पेश गरेको पालिकाको प्रमुख तथा कार्यालय प्रमुख कोहि कसैले प्रमाणित नगरेको ब्याकहु लोडर सञ्चालनको लगसिट अनुसार २०८० श्रावण देखी जेठ सम्म शुरु मिटर १२२८ देखि २६४१ सम्म प्रयोग भएको देखाएको छ। सो अनुसार ११ महिनाम १४१३ घण्टा सञ्चालन भएको देखिन्छ। असार महिनाको अप्रमाणित लगसिट समेत पेश नभएकोले ११ महिनाको औषतको हिसाबले आसार महिनाको १२८ घण्टा समेत २०८०।८१ मा न्यूनतम पनि १५४१ घण्टा ब्याकहु लोडर सञ्चालन भएको देखियो। सो को प्रतिघण्टा २६०४ को दरले रु ४०१२७६४ राजश्व संकलन हुनु पर्नेमा सो बमोजिम राजश्व दाखिला भएको हिसाब पालिकाले लेखापरिक्षणमा पेश गर्न नसकेको अवस्था छ। पालिकाको राजश्व आम्दानी हिसाब परिक्षण गर्दा अन्य राजश्व शिर्षकमा रु १६९११६१।०० आय कायम गरेको छ। सो मध्ये ब्याक हु लोडर र अन्य शिर्षकको अलग अलग हिसाबको अभिलेख माग गरेकोमा सो बमोजिमको अभिलेख तयार नगरेको पालिकाको आर्थिक प्रशासनको प्रमुखले जानकारी दिनु भएको हुदाँ पालिकालेनै कायम गरेको लुजसिटको सञ्चालन अवधिको राजश्व छानबिन गरि आय कायम गर्नुपर्ने रु ४० लाख १२ हजार ७६४ बाट अर्को दफामा बेरुजु कायम भएको रु ६ लाख ४३ हजार ७३४ र राजश्व दाखिला देखिएको रु ४८९१६७ समेत रु ११ लाख ३२ हजार ९०१ घटाई बाँकि हुने रु २८ लाख ७९ हजार ८६३ पालिकाले छानबिन गरी पालिका सञ्चित कोषमा दाखिला गर्नु गराउनु पर्दछ।

१२.४ आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको नगदी सोहि दिन वा त्यस्को भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने ब्यबस्था छ। जिम्मामा आएको अवधिबाट १० दिन भन्दा बढि ढिला गरेमा १० प्रतिशत जरिवाना गरी कसूरको मात्रा अनुसार बिभागिय कारबाहि समेत गर्न सकिने ब्यबस्था छ। पालिकाको निम्न वडा कार्यालयहरुबाट संकलित रकम सो बमोजिमको समयमा दाखिला भएको नदेखिएकोले समयमा दाखिला नगरेको रकम पालिकाले यकिन गरी जरिवाना समेत असूल गर्ने गराउने तर्फ ध्यान दिनु पर्दछ।

| वडा नम्बर | राजश्व रकम |
|---|---|
| १ | ९२९३४४ |
| २ | ४४६४६२ |
| ३ | ४५३८५१ |
| ४ | ३४७४७७ |
| ५ | ६४८७३४ |
| ६ | ५९९८०४ |
| जम्मा | ३४२५६७० |

१२.५ पालिकाको वडा नम्बर १ ले श्रावण महिनामा रु २२४१८७।०० संकलन गरेकोमा भाद्र महिनामा रु ११३७७७।०० मात्र संकलन गरी क्रमश पछिल्ला महिनाहरुमा राजश्व रकम गिरावट भई आश्विनमा रु ४९७७८।०० मात्र संकलन भएको छ। राजश्व असूलीमा आन्तरीक नियन्त्रण प्रणाली स्थापित नभएकोले राजश्व चुहावट नियन्त्रण नहुदाँ सहि र यथार्थ राजश्व संकलन भएको छ भनि यकिन गर्न सक्ने अवस्था छैन। पालिकाबाट प्राप्त बिबरण अनुसार पालिकाबाट प्रदान गरिएको सेवा निम्नानुसार रहेको छ। प्रदान गरिएको सेवा र संकलन भएको राजश्व भिडान हुने गरी अभिलेख राख्नु पर्दछ।

| क्रम संख्या | सेवाको बिबरण | निबेदन संख्या | सिफारीश संख्य |
|---|---|---|---|
| 1 | नागरीकता | ५१९ | ५१९ |
| 2 | घरबाटो | ९८ | ९८ |
| 3 | नाता प्रमाणित | ५९९ | ५९९ |
| 4 | घटना दर्ता | ५२२ | ५२२ |
| 5 | **घर नक्सा** | ४ | ४ |
| 6 | अन्य **सिफारिस** | ३७३० | ३७३० |

१३ **धरौटी**

**<u>धरौटी तर्फः</u>** आन्तरीक लेखापरीक्षण प्रतिबेदन अनुसार पालिकाको धरौटी कारोबार निम्नानुसार रहेको छ। स्विकृत म ले प फारम अनुसार धरौटीको ब्यक्तिगत र गोश्वारा अभिलेख राख्नु पर्दछ। पालिकाले निर्माण वापतको धरौटी रु १३६०९९।०० फिर्ता गर्दा कार्य सम्पन्न प्रतिबेदन र कर चुक्ता प्रमाणपत्रलाई अनिबार्य परिक्षण गरेर मात्र फिर्ता गर्नु पर्दछ।

| | |
|---|---|
| गत आ.ब. को जिम्मेवारी (रु) | 81,47,393.51 |
| चालु आ.ब को जम्मा (रु) | 22,33,743 |
| जम्मा (रु) | 1,03,81,136.51 |
| यस आ.ब.मा धरौटी फिर्ता (रु) | 13,60,999 |
| धरौटी सदरस्याहा (रु) | 0 |
| जम्मा (रु) | 13,60,999 |
| बाँकी (रु) | 90,20,137.51 |

१४ **खरिदको नर्मस पेश नभएको**

सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्बजनिक निकायले एक लाख भन्दा बढिको सामान खरिद गर्न लागत अनुमान तयार गर्नु पर्ने र तयार गरिएको लागत अनुमा अद्यावधिक गरी राख्नु पर्ने ब्यबस्था छ।सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ५क बमोजिम मालसामान खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेसन, योजना, बिशेष आवस्यकता वा अन्य बिबरण तयार गरी गराई नियम १४ बमोजिम स्विकृत गराउनु पर्ने ब्यबस्था छ। सोहि नियमावलीको नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रहि सम्बन्धित सार्बजनिक निकाय वा त्यस्तो सार्बजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनु पर्ने व्यव्था छ । पालिकाले नियमावलीका उल्लेखित व्यबस्था पालना नगरी दराज डट कम लगायतका अनलाईनल आपूर्तकहरुको वेभसाईट उल्लेख गरी लागत अनुमान तयार गरेको छ। यसरी तयार गरेको लागत अनुमानको आधारमा प्रतिस्पर्धा बेगर १६ थान एटएमपि हाईभिजन क्यामरा प्रति थान ३० हजारको दरले रु ४ लाख ८० हजार समेत बिभिन्न १२ प्रकारका ईलेक्ट्रोनिक्स सामानहरु समेत निम्नानुसारको सामानहरु खरिदको रु ३१ लाख ७० हजार ८२५ भुक्तानी भएको छ। स्विकृत नर्मस बेगर खरिद ऐन, नियमको पालना समेत नगरी खरिद भएकोले खरिद कार्य मितब्ययी देखिएन।

| क्रम संख्या | भौचर नम्बर मिति | आपूर्तक | समानको बिबरण | रकम |
|---|---|---|---|---|
| १ | ३०२।२०८१।०३।०४ | बस्याल कम्पूटर शोरुम(६०७५८७८०३) | १६ थान हाईभिजन क्यामरा समेत १२ प्रकारको ईलेक्ट्रोनिक्स सामाग्रीहरु | ९००४५० |
| २ | ४५।२०८१।०३।१२ | जय लक्ष्मी ट्रेडिङ(६१०९६४२१७) | ईन्भटर र ब्याट्री | ५१६३०० |
| ३ | ५।२०८१।३।११३ मुख्यमन्त्री कार्यक्रम | जय लक्ष्मी ट्रेडिङ प्रा ली | सिसिटिभिको ब्याकअप | १११०२६ |
| ४ | १।२०८१।०३।११ | फिट एण्ड फाईन नेपाल प्रा ली | खुला ब्ययमशाला सामग्री | ९९७७९० |
| ५ | ९७।२०८०।११।२४ | रेडियन्ट आईटी सप्लायर्स | सिसिटिभि प्रोजेक्टर टिभि सोलार | ६४५२५९ |
| | | | | ३१७०८२५ |

१५ **प्रबिधिक बिश्लेषण पेश नभएको**

सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्बजनिक निकायले एक लाख भन्दा बढिको खरिद गर्न लागत अनुमान तयार गर्नु पर्ने र तयार गरिएको लागत अनुमा अद्यावधिक गरी राख्नु पर्ने ब्यबस्था छ।सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ५क बमोजिम निर्माण कार्य गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेसन, योजना, नक्सा, डिजाईन बिशेष आवस्यकता वा अन्य बिबरण तयार गरी गराई नियम १४ बमोजिम स्विकृत गराउनु पर्ने ब्यबस्था छ।सो विपरीत पालिकाले भौचर नम्बर ११९।२०८०।१२।२५ बाट जिरो

पिपलडाडा माझेपाट सडक निर्माण वापत एस.एस. बिल्डर्स(६१८१४५२३०) लाई रु ९६७५३२। भुक्तानी भएको छ। निर्माण कार्यको मुल्यांकनको आईटम नम्बर २ मा पालिकाको ब्याकहुलोडर २२.१० घण्टा प्रयोगको प्रतिघण्टा रु २४०० को दरले सञ्चालन खर्च रु ५३०४०।०० र आईटम नम्बर १ मा निर्माण ब्यबसायीको एक्जाभेटर प्रयोग भएको ११७ घण्टाको प्रतिघण्टा रु ६०५० को दरले रु ७०७८५० मुल्य अभिबृद्धि कर बाहेक भुक्तानी गर्ने गरी मूल्यांकन भएको छ। पालिकाले मूल्यांकन गर्दा सम्झौतामा भएको तुलनात्मक रुपमा जटिल र बढि लागत पर्ने सिमेन्ट कन्क्रिटको १०.५० घनमिटरको रु १०११९५ को कार्य घटाएको र एकजाभेटर प्रयोग गरी कटिङ गर्ने कार्य सम्झौता भन्दा १९ घण्टा बढाएको छ। यसरी एक्जाभेटर प्रयोगको परिमाण बढाउदा आईटम नम्बर एकमा सम्झौतामा उल्लेख भन्दा रु ११४९५०।०० बढि भुक्तानी भएको छ। कुन कार्य पालिकाको ब्याकहुलोडर प्रयोग गरी भएको हो र कुन कार्य एक्जाभेटर प्रयोग गरी भएको हो भन्ने चनेज, माटो परिक्षण प्रतिबेदन र पालिकाको अभिलेखबाट स्पस्ट भएको देखिदैन। यसरी ब्याकहु लोडर र एक्जाभेटर प्रयोग गर्नु पर्ने प्राबिधिक बिश्लेषण र तथ्य बेगर प्रयोग गरेको देखाई सम्झौता एवं मूल्यांकन गर्दा ११७ घण्टाको प्रतिघण्टा रु ३६५०।०० को दरले रु ४२७०५०।०० बढि भुक्तानी भएको देखिन्छ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२७,०५० |

## १६ सेवा परामर्श

गाउँपालिकाले यस वर्ष तपसिलका कार्यका लागि विभिन्न परामर्शदातासँग सम्झौता गरी देहायअनुसारको परामर्श खर्च लेखेको छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नम्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नम्स आदि कुरालाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले माथि उल्लेखित आधार वेगर बिभिन्न फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरेको कारण लागत अनुमान यथार्थ परक छैन ।

| सि.नं. | सेवा | सम्बन्धित संस्था | खर्च रकम |
|---|---|---|---|
| 1. | शैक्षिक सुधार सम्बन्धि कार्यहरु | सरल माईन्ड डिजिटल प्रा.ली. | २७९९९७ |
| 2. | औधोगिक ग्रामको IEE | कृतज्ञ इन्जिनियरिङ प्रा.ली. | ३००००० |

## १७ उद्यम बिकास कार्यक्रम

सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्बजनिक निकायले एक लाख भन्दा बढिको खरिद गर्न लागत अनुमान तयार गर्नु पर्ने र तयार गरिएको लागत अनुमान अद्यावधिक गरी राख्नु पर्ने ब्यबस्था छ।सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ५क बमोजिम निर्माण कार्य गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेसन, योजना, नक्सा, डिजाईन बिशेष आवस्यकता वा अन्य बिबरण तयार गरी गराई नियम १४ बमोजिम स्विकृत गराउनु पर्ने ब्यबस्था छ। सोहि नियमावलीको नियम १० मा स्विकृत नर्मसको आधारमा लगत अनुमान तयार गर्नु पर्ने ब्यबस्था छ।पालिकाको भौचर नम्बर ४७।२०८१।०३।१३ बाट सत्तरी घरधुरीमा सुधारिएको चुलो निर्माण वापत मातृभुमि उर्जा प्रा ली (६००२५७६११) लाई रु १९०९६४।०० भुक्तानी भएको छ।यस निर्माण कार्यको स्विकृत नर्मस र कार्य सम्पन्न प्रतिबेदन पेश नभएकोले खर्च रकम नियमित र मितब्ययी देखिएन।

## १८ घट्टे खोला मोटरेवपुल निर्माण

घट्टे खोला मोटरेवपुल निर्माणको लागि मूल्य अभिबृद्धिकर र कन्टिन्जेन्सी समेत रु १ करोड ६७ लाख ५२ हजार ८०९ को लागत अनुमान तयार गरी बोलपत्र आब्हान गरेकोमा अंगेरी भंगेरी निर्माण सेवासग रु १ करोड १६ लाख ५४ हजार ०८९ मा कार्य गर्ने गरी २०८०।९।१२ मा सम्झौता भएको छ। सम्झौता बमोजिम २०८१ पौष ११ सम्ममा निर्माण कार्य सम्पन्न गर्नु पर्दछ। निर्माण ब्यबसायीले पहिलो र दोस्रो रनिङबिल समेत गरेर रु ७३ लाख ९७ हजार १३६ भुक्तानी लिएको छ। भुक्तानी रकम कुल सम्झौताको ६३.४७ प्रतिशत हुन आउने देखिन्छ। कार्यालयले गरेको वित्तिय प्रगति बमोजिम पुल निर्माणको भौतिक प्रगति नदेखिएकोले स्पेशिफिकेसन अफ रोड्स एण्ड ब्रिज, २०७३, स्विकृत डिजाईन र सम्झौताको शर्त बमोजिम सम्झौता अवधि भित्र निर्माण कार्य गर्नु गराउनु पर्दछ।

१९ **नब्बे बजार हुदै औधोगिक ग्राम जोड्ने मोटर बाटो निर्माण**

सिस्नेपानी बेलटारी नब्बेबजार हुदै औधोगिक ग्राम जोड्ने मोटरबाटो निर्माणको लागि रु २५ लाख लागत अनुमान तयार गरी बोलपत्र आब्हान गरेकोमा दुई बोलपत्र पेश भई श्री अर्जुन चौपारी कन्स्ट्रक्सनसग रु २४ लाख ३७ हजार ५८८८ अर्थात २.४८ प्रतिशत मात्र घटिमा सम्झौता भई मुल्यांकन बमोजिम रु २३ लाख ६१ हजार १३३ भुक्तानी भएको छ। सोहि निर्माण ब्यबसायीसग मुल सडकको नजिक खण्डबाट औधोगिक ग्राम सम्मको पहुँच सडक निर्माणमा रु २३ लाख ९५ हजार ७७८ रकमको सम्झौता गरी भुक्तानी भएको छ। पहुँच मार्गको लागि बैकल्पिक सडक निर्माण भईसकेको अवस्थामा नापी बिभागबाट हस्तान्तरण भएको भूउपयोग नक्सा डाटाको समेत ख्याल नगरी खेतियोग्य जमिनको बिचमा ढलान सडक निर्माण गरी भएको खर्च अनुत्पादक र प्रतिफल बिहिन देखियो। औधोगिक ग्रामको लागि जग्गा प्लटिङ मात्र भएको ब्यबसायिक योजना सहित तहा उद्योग कलकारखाना स्थापना हुने सम्भावना र समयको सामाजिक लाभ हानि बिश्लेषण नरहदा अनिश्चित रहेको अवस्थामा कृषि भूमिमा समेत ढलान गर्दा कुल घाह्रास्थ उत्पादनमा कृषि क्षेत्रको योगदान घट्ने र यस योजनामा भएको खर्च अन्य प्राथमिकता प्राप्त योजनामा गरेको भए प्राप्त हुन सक्ने अवसर लागत समेतबाट बञ्चित हुँदा समग्र अर्थतन्त्रमा समेत प्रतिकुल प्रभाव पर्ने तर्फ योजना छनौट गर्ने निकाय र पालिकाले ध्यान पुह्रयाउन सकेको देखिएन। सामाजिक लाभलागत बिश्लेषण सहितको आयोजना बैंक र आयोजना प्राथमिकिकरण नगरी एप्रोच सडक हुदाँहुदै सञ्चालनमै नआएको औधोगिक ग्राम जोड्ने बैकल्पिकबाटोमा भएको खर्च ओचित्यपूर्ण देखिएन। यस किसिमका अन्य योजनाहरुमा भएको खर्च समेत पालिकाले यकिन गरी नियन्त्रण र सुधार गर्नु पर्दछ।



२० **औधोगिक ग्राम निर्माण**

एक पालिका एक औधोगिक ग्राम कार्यक्रम अन्तरगत औधोगिक ग्राम निर्माणमा निम्नानुसार रु ५६ लाख ३३ हजार ६१७ खर्च भएको छ। औधोगिक ग्रामको लागि जग्गा प्लटिङ मात्र भएको ब्यबसायिक योजना सहित तहा उद्योग कलकारखाना स्थापना हुने सम्भावना र समयको सामाजिक लाभ हानि बिश्लेषण नहुदा अनिश्चित रहेको अवस्थामा यस योजनामा भएको खर्च अन्य प्राथमिकता प्राप्त योजनामा गरेको भए प्राप्त हुन सक्ने अवसर लागत समेतबाट बञ्चित हुँदा समग्र अर्थतन्त्रमा समेत प्रतिकुल प्रभाव पर्ने तर्फ पालिकाले ध्यान पुह्रयाउन सकेको देखिएन। सामाजिक लाभलागत बिश्लेषण सहितको आयोजना बैंक र आयोजना प्राथमिकिकरण नगरी भएको खर्च ओचित्यपूर्ण नदेखिएकोले औधोगिक ग्राममा स्थापित हुने उद्योगहरुको क्षेत्रगत बिबरण, स्थापना तथा सञ्चालन अवधी, अपेक्षित प्रतिफल सहितको ब्यबसायिक योजना पेश गरी खर्चको औचित्यता पुष्टि गर्नु पर्दछ । अन्यथा कार्यक्रम घोषणा गर्ने र खर्च गर्ने पदाधिकारीहरुलाई यस किसिमका योजनामा भएको लगानीको लागि अपेक्षित प्रतिफल हासिल नभएमा जिम्मेवार बनाउनु पर्दछ। लक्ष्य अनुसार अपेक्षित प्रतिफल प्राप्त हुदै गएमा सोको स्थानिय र राष्ट्रिय अर्थतन्त्र परेको प्रभाव सहितको तथ्य र तथ्यांकको लेखांकन तथा प्रतिबेदन हुनु पर्दछ ।

| क्रम संख्या | कार्यक्रमको नाम | खर्चको श्रोत | निर्माण ब्यबसायी | सम्झौता रकम | हाल सम्मको भुक्तानी |
|---|---|---|---|---|---|
| १ | जग्गा प्लटिङ कार्य | संघ | अर्जुन चौपारी कन्स्ट्रक्सन(६०६८५९०५७) | २३८१६६२ | २२२८१६९ |
| २ | पहुँच सडक निर्माण | | " " | २५९८३०५ | २३९५७७८ |
| ३ | परिसर संरक्षण तथा तारबार | प्रदेश | " " | ११९६६७३ | १००९६७० |
| | | | जम्मा | | ५६३३६१७ |



२१ **अर्जुन चौपारी सिमलचौर दरौ सडक (प्रदेश सशर्त समेत)**

अर्जुन चौपारी सिमलचौर दरौ सडक निर्माणको लागि मूल्य अभिबृद्धिकर र कन्टिन्जेन्सी समेत रु १ करोड ४९ लाख ९९ हजार ६९६ को लागत अनुमान तयार गरी बोलपत्र आब्हान गरेकोमा पंचमूल निर्माण सेवा प्रा ली(६०६५१७७४८) सग रु १ करोड ०८ लाख ७४ हजार २८८ मा कार्य गर्ने गरी २०८०।९।१३ मा सम्झौता भएको छ। सम्झौता बमोजिम २०८१ असार १० सम्ममा निर्माण कार्य सम्पन्न गर्नु पर्दछ। निर्माण ब्यबसायीले पहिलो रनिङबिल को रु ९१ लाख ३६ हजार ८१७ भुक्तानी लिएको छ। पालिकाले गरेको वित्तिय प्रगति बमोजिम सडक निर्माणको भौतिक प्रगति नदेखिएकोले स्पेशिफिकेसन अफ रोड्स एण्ड ब्रिज, २०७३, स्विकृत डिजाईन र सम्झौताको शर्त बमोजिम सम्झौता अवधि भित्र निर्माण कार्य गर्नु गराउनु पर्दछ।साथै यस सडकको वाताबरणिय परिक्षण प्रतिबेदन तथा बिस्त्रित परियोजना प्रतिबेदन समेत नभएको कारण निर्माण संरचनाको स्थलगत अवलोकन गर्दा ग्रेडिङ नमिलेको, भूक्षय भएको समेत देखिदा भएको खर्चबाट अपेक्षित प्रतिफल हासिल नहुने तथा संरचनाको निर्बिबाध प्रयोग गर्न नियमित मर्मत सुधारमा ठुलो खर्च भई रहने अवस्था समेत देखिएकोले योजनाको कुल लागत यकिन हुने अवस्था छैन। योजनाको कुल लागत यकिन नगरी थालनी भएको निर्माण कार्य औचित्यपुर्ण, मितब्ययी र नियमित देखिएन।



२२ **रापाकोट स्वास्थ्य चौकि भवन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतले हुने रकम पूर्वनिर्धारीत दिनु पर्ने व्यवस्था छ। रापाकोट स्वास्थ्य चौकि भवन निर्माण कार्यको लागि मूल्य अभिबृद्धिकर र कन्टिन्जेन्सी समेत रु ५० लाख १८ हजार ७३९ को लागत अनुमान तयार गरी बोलपत्र आब्हान गरेकोमा एटी एण्ड ईन्जिनियरीङ प्रा लीसग रु ४० लाख ८६ हजार ८८८ मा कार्य गर्ने गरी २०८१।२।९ मा सम्झौता भएको छ। सम्झौता बमोजिम २०८१ असार १० सम्ममा निर्माण कार्य सम्पन्न गर्नु पर्नेमा निर्माण ब्यबसायीले बर्षाको कारण ढुवानीमा समस्या भएको जनाई सम्झौता अवधिमा निर्माण कार्य सम्मपन्न गरेको छैन। असार महिनामा बर्षा हुन्छ भन्ने बिषय सम्झौताकै समयमा पुर्वानुमान गर्न सकिने बिषय हो । तसर्थ पालिकाले काबु बाहिरको परिस्थिति पुष्टि नहुने अवस्थामा २०८१ पौष २९ सम्म पुर्वनिर्धारीत क्षतिपूर्ति नलिने गरी भएको म्याद थप औचित्यपूर्ण देखिदैन। शुरु सम्झौतामा कार्य सम्पन्न गर्ने अवधि ३२ दिन दिएकोमा म्याद थप १९५ दिन ६०० प्रतिशत भन्दा बढि अवधि थप भएको छ। यसबाट पालिकाले निर्माण ब्यबसायीहरुको क्षमता बिश्लेषण नगरी सम्झौता गर्ने गरेको पुष्टि हुन्छ। निर्माण ब्यबसायीको कारणले निर्माण कार्य सम्पन्न नभएको अवस्था बिश्लेषण गरी पूर्व निर्धारित क्षतिपूर्ती लिने गरी मात्र म्याद थप गर्नु पर्दछ।

२३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । कुल खर्च रु ३४ करोड ५६ लाख १८ हजार ८२६ को ५० प्रतिशतले रु १७ करोड १७ लाख ८९ हजार ११७ सामाजिक विकासका कार्यक्रमहरुका खर्च भएको देखिन्छ । पूर्वाधार बिकासमा १९ प्रतिशत मात्र खर्च भएको छ। विकासका कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्दा स्थानीयको आय आर्जन भई गरिवि निवारणमा प्रत्यक्ष सहयोग पुग्ने छिटो प्रतिफल प्राप्त हुने र स्थानीय स्रोत साधनको सदुपयोग हुने किसिमका पुँजिगत कार्यक्रममा खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | 57525000 | 47513982.65 | १४ |
| सामाजिक क्षेत्र | 197396000 | 171789117.55 | ५० |
| पूर्वाधार विकास क्षेत्र | 99010000 | 64651230 | १९ |
| सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र | 8320000 | 4835281 | १ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | 93701200 | 56829215.66 | १६ |
| **जम्मा** | **455952200** | **345618826.86** | **१००** |

## २४ पुँजिगत खर्च बिश्लेषण

आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । पालिकाबाट प्राप्त बिबरण अनुसार कुल पुँजीगत खर्च रू. ९ करोड ३८ लाख ३६ हजार भएकोमा प्रथम त्रैमासिकमा रू. ४२ लाख ३९ हजार दोश्रो त्रैमासिकमा रू. ४० लाख ३९ हजार तेस्रो त्रैमासिकमा रू. १ करोड ९७ लाख १७ हजार र चौथो त्रैमासिकमा रू. ६ करोड ५७ लाख ९८ हजार र असार महिनामा मात्रै रू. ३ करोड ७० लाख ८४ हजार खर्च भएको देखिन्छ । वर्षान्तको खर्च उच्च रहेको छ ।

चौथो त्रैमासिकमा मात्र भएको ७० प्रतिशत खर्च र आसार महिनाको मात्र ४० प्रतिशत खर्चले योजनाहरुको कार्यन्वयन मितब्ययी र प्रभावकारी ढंगले सञ्चालन भएको छ भनि सुनिश्चित हुने अवस्था छैन। बर्षान्त केन्द्रित खर्चले पालिकाको बिकासमा पुगेको योगदानको प्रभाव मुल्यांकन(Impact Evaluation) हुनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## २५ आन्तरिक लेखापरिक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।आन्तरीक लेखापरीक्षकले पालिकाको एकिकृत आय र व्यय यकिन गरी प्रतवेदन गर्नु भएको छैन। आन्तरीक लेखापरिक्षकले कायम गरेका अधिकांस बेरुजुका ब्यहोराहरुमा कानुनी व्यवस्था उल्लेख गरेको छैन। बेरुजु कायम गर्दा कानुनी ब्यबस्था, यथार्थ अवस्था र सुझाबलाई अनिबार्य समावेश गर्नु पर्दछ। तसर्थ आन्तरिक लेखापरिक्षकको क्षमता विकासका लागि तालिम तथा अभिमुखिकरणका कार्यक्रमहरु समावेश गरी पालिकाको आर्थिक प्रशासनलाई पारदर्शि र जवाफदेहि बनाई पालिकाले पेश गरेका वित्तिय विवरणहरुले सहि र यथार्थ चित्रण गरेको छन भनि सुनिश्चित हुने अवस्था मिलाउनु पर्दछ।

## २६ सुचना तथा बिज्ञापन प्रकासन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले विज्ञापन, सूचना तथा क्यालेन्डर वापत भौचर नम्बर ३८९।२०८१।०३।२२ बाट रु १ लाख १८ हजार र भौचर नम्बर ३९०।०८१।०३।२२ बाट रु १ लाख २१ हजार समेत रु २ लाख ३९ हजार खर्च गरेको देखिएको छ । यस्तो प्रकृतिको खर्चलाई न्युनीकरण गर्नको लागि प्रतिस्पर्धात्मक खरिद विधि अवलम्वन गर्नुका साथै सरकारी रकमको खर्चमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ

२७ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने तथा नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाले गत बिगत देखिको निर्माण व्यवसायीलाई दिएको पेश्की रु १३९४८।०० र बिभिन्न सहकारी संस्थाहरुलाई दिएको पेश्कि रु २५ लाख ९० हजार यस आर्थिक बर्षको अन्तसम्म पनि पछर्यौट नभएकोले अभिलेख व्यवस्थित गरी कानुन बमोजिम पेश्की असूल फर्स्यौट गर्नुपर्दछ ।साथै रापाकोट स्वास्थ्य चौकि भवन निर्माणको लागि एटि एण्ड ईन्जिनियरीङ कन्स्ट्रक्सन कम्पनीलाई यस बर्ष प्रदान गरिएको पेश्की रु. ४ लाखको समेत म्याद नाघेको देखिएकोले उक्त पेश्की नियमानुसार असूल फर्स्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ४,००,००० |

२८ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवारको लेखांकन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको चित्रण गर्नुपर्दछ । सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)* तयार गर्नुपर्छ ।तर पालिकाले निम्नानुसार रु. ११ करोड १२ लाख ९५ हजार ४९३ सुत्रमा समावेश गरेर मलेप फारम नम्बर २७० मा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

| | |
|---|---|
| सामाजिक सुरक्षा | 105677258 |
| गरिवसँग बिश्वेश्वर | 730000 |
| मुख्यमन्त्री नवप्रवर्तन साझेदारी | 3732243 |
| औधोगिक ग्राम | 1009670 |
| वास कार्यक्रम | 146322 |
| जम्मा | १११२९५४९३ |

२९ **फरक जिम्मेवारी** -

-पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षकोलेखापरीक्षण प्रतिबेदन अनुसारको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु. १७ करोड ३२ लाख ३८ हजार २०४ रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु. १७ करोड ०७ लाख १८ हजार २२१ मात्र जिम्मेवारी सारेको देखिएकोले घटी जिम्मेवारी सारेको रु. २५ लाख १९ हजार ९८३ को सम्बन्धमा एकिन गरी हिसाब मिलान बिबरण तयार गर्नु पर्दछ।

३० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखलेमिति २०८०।०३।१० मा रु.४४ करोड ६९ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।०३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

३१ **योजनाको प्राथमिकीरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ।

पालिकाले एक लाख सम्मका ६८ संख्या साना र वितरणमुखी योजनाहरु सञ्चालन गरी ६८ लाख खर्च गरेको देखिन्छ ।साना योजनाहरुमा हुने वजेटको विनियोजनबाट गरिबी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधनको उपयोग, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण , भाषिक र सांस्कृतिक विकासमा पुगेको योगदानको अभिलेख पालिकाले राखेको छैन।जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले योजनाहरुको वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

| **रु. १ लाख सम्म** | | **रु. १ लाख देखि ५ लाख सम्म** | | **रु. ५ लाख देखि १० लाख सम्म** | | **रु. १० लाख देखि २० लाख सम्मका** | | **रु. २० लाख भन्दा बढीको** | |
|---|---|---|---|---|---|---|---|---|---|
| **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| ६८ | ६८००००० | ५१ | १५५०००००० | ६ | ६०००००० | | | १ | २५००००० |

३२ **योजना तथा वजेट कार्यान्वियन**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण हुने गरी आवधिक योजनामा समावेश गरेको समेत छैन । वातावरणिय अध्ययन बिश्लेषण नगरी कतिपय योजनाहरु सञ्चालन गर्दा दिगो बिकासका लक्ष्यलाई प्रतिकुल असर पार्ने तर्फ समेत ध्यान दिनु पर्दछ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको सभाको निर्णयबाट रु.३ करोड २९ लाख १० हजार रकमान्तर गरेको छ । उक्त रकम वजेटको तुलनामा ७.३६ प्रतिशत हुन्छ । रकमान्तर गर्ने परिपाटीमा सुधार गरी योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

३३ **आन्तरिक नियन्त्रण प्रणाली**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

· सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन ।

· निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत प्रमुख प्रशासकिय अधिकृत लगायतका कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

· पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

· पालिकाले शिक्षातर्फकोकार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।सत्यापन गराई बिद्यालयलाई गएको निकासा सहि र यथार्थपरक बनाउनु पर्दछ।

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

·

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३४ **वार्षिक खरिद योजना:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार सार्वजनिक निकायले बार्षिक दश लाख रुपैया भन्दा बढिको खरिद गर्नु पर्ने भएमा आगामी आ.व.को लागि वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले वार्षिक खरिद योजना तयार नगरी खरिद कार्य गरेको छ ।

३५ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा बढी जिन्सी सामग्री खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले पदाधिकारी तथा कर्मचारीहरुलाई सहायक जिन्सी खातामा अभिलेख नजनाई जिन्सी सामग्री हस्तान्तरण गरेको देखियो। कर्मचारीको कार्य प्रकृति अनुसार जिन्सी सामग्रीको आवश्यकता पहिचान गरेर सामग्री हस्तान्तरण गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ।सार्बजनिक सम्पत्ती ब्यबस्थापन प्रणालीमा प्रतेक सामनको स्पेसिफिकेसन खुलाई सहायक जिन्सी खाता अद्यावधिक र प्रमाणित गर्नु पर्दछ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेतापनि नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गर्नुपर्दछ ।

३६ **जिन्सी (ल्यापटप) सामान व्यवस्थापन**

पालिकाले २०७५।२।२८ मा डेल कोर प्रतिगोटा रु ९०४०० को दरले दुई थान खरिद गरेकोमा पालिकाको स्टोरमा भौतनिक निरिक्षण गर्दा तोसिवा कम्पनीको २ थान ल्यापटप मौज्दात रहेको देखियो। सो कम्पनिको ल्यापटप कुन आर्थिक बर्षमा खरिद भएको हो सो को प्रमाण पेश गर्न पालिकाको जिम्मेवार कर्मचारीहरुलाई अनुरोध गर्दा प्रमाण पेश भएन। हालवाला जिन्सी प्रशासन प्रमुखले साविकबाट बरबुझारथ गर्दा स्पेशिफिकेसनमा शंका गरी संख्या मात्र बुझिलिएको हु भनि स्पेशिफिकेसन बुझाउनेले नखुलाएको स्पस्ट गरी बरबुझारथ गरेको देखिदा तत्कालिन भण्डार प्रमुखबाट नयाँ जिन्सी सामानहरुसग पुराना जिन्सी सामानहरु साटफेर गरेको हुन सक्ने देखिएकोले छानबिन गरी खरिद गरेको र मौज्दात रहेको सामानहरुको स्पेसिफिकेशन नमिलेमा असूल गर्नु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८०,८०० |

३७ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र रहेका सहकारी संस्थाको बिबरण पेश नभएकोले सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरे नगरेको यकिन गर्न सकिएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३८ **नवीकरण शुल्क**

पालिकाको **घ** वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकामा इजाजत पत्र लिएका निर्माण ब्यबसायीहरुको अभिलेख राखि तोकिएको भन्दा ढिला गरी नवीकरण गर्दा थप नवीकरण दस्तुर लिएको पाइएन ।कार्यविधि अनुसार निर्माण ब्यबसायीहरुको अभिलेख राखि तोकिएको अवधि पश्चात् नवीकरण गर्दा थप नवीकरण दस्तुर असुल गर्नु पर्नु पर्दछ।

३९ **झोलुङ्गे तथा ट्रसपुल निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **९५४,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

४० **लाभग्राहि समुदायमार्फत कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७क को उपनियम ९ मा लागत अनुमान अनुसार श्रमिकको लागत भार पचास प्रतिशतभन्दा कम भएको र लागत अनुमान अनुसार मेशिन औजारको लागत भार बीस प्रतिशतभन्दा वढी भएको निर्माण कार्य लाभग्राही समुदायबाट गराउन सकिनै छैन भन्ने व्यवस्था रहेको छ । सो बिपरीत पालिकाले यस बर्ष १२६ उपभोक्तासमितिसग रु ३ करोड ०८ लाख भुक्तानी गर्दा श्रमिक खर्चको डोर हाजीरी फाराम , उपकरण भाडाको निर्माण ब्यबसायीको कर बिजक तथा सामग्री खरिदको आपूर्तकको बिजक पेश गरेको छ। मेशिन औजारको लागत भार बीस प्रतिशतभन्दा बढि नहुने गरी नियमानुसार मात्र निर्माण कार्यको भुक्तानी गर्नुपर्दछ।

४१ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार सरकारी खर्चमा भ्रमण गर्दा किफायती र कम खर्चीलो बाटो वा सवारी साधन प्रयोग गर्नुपर्ने, कार्यालयलये दुरीको विवरण राखी कामको प्रकृती अनुसार भ्रमण आदेश दिने र भ्रमण पश्चात प्रतिवेदन पेश गरेर मात्र भ्रमण भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकामा वर्षभरीमा भ्रमण तथा अनुगमनमा रु.१५ लाख ९३ हजार खर्च भएको देखिन्छ। तर कार्यालयले दुरीको अभिलेख नराखेको, अधिकांश भ्रमण स्ङ्जा, पोखरा र पालिकाभित्र रहेकोमा त्यँहा सार्वजनिक यातायातको सुविधा भई एकै दिनमा फर्किने अवस्था रहे पनि एक दिनको भन्दा बढिको तथा टयाक्सी पनि प्रयोग गरीएको भ्रमण भत्ता भुक्तान गरेको र भ्रमण पश्चात प्रतिवेदन समेत पेश गर्ने गरेको पाइएन । अतः कार्यालय प्रमुखले भ्रमण आदेश दिदा नियमावली बमोजिम कार्यको आधारमा भ्रमण आदेश दिई भ्रमण कार्यलाई कम खर्चिलो र किफायती बनाउनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। साथै पालिकाभित्र कामकाजमा खटिदा पनि भ्रमण भत्ता उपलब्ध गराएको उचित देखिएन ।

४२ **आर्थीक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.८८२००० आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

४३ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विविध खर्चतर्फ विविध शिर्षकबाट रू.९ लाख ५७ हजार सहित अन्य कार्यक्रमबाट समेत खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४४ **मसलन्द तथा कार्यालय सामाग्री**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐनअन्तरगत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने ब्यवस्था छ। तर पालिकामा यस आ.व.मा वार्षिक आवशयक सामानहरुको यकिन र लागत अनुमान नगरी मुख्य कार्यालयबाट रु २४ लाख ९९ हजार र वडा कार्यालयबाट रु.६ लाख १० हजार गरी वर्षभरीमा रु.३१ लाख ९ हजार को टुक्रा रुपमा कार्यालय सामान खरिद गरेको छ।सार्वजनिक प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवद्र्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी खरिद कार्य गर्नुपर्दछ ।

४५ **ईन्धन खर्च**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने जस्ता व्यवस्था गरेको छ । त्यसतै पदाधिकारी सुविधा ऐन को ४ बमोजिम पालिका अध्यक्षलाई यातायात उपलब्ध गराएमा डिजेल मासिक ९० लि. र मोबिल त्रैमासिक ५ लि. पाउने व्यवस्था छ। पालिकामा निम्नानुसार सवारी साधन रहेकोमा निम्नानुसारको ईन्धन र मर्मतमा खर्च भएकोमा मर्मतको मापदणड नभएको र ईन्धनको भए पनि लागु नगरी कुल रु.५५९६९७२ अथवा आन्तरिक आयको ९०% यसमै खर्च भएको देखिन्छ। यस्तो खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन खर्चको मापदण्ड निर्माण गरी कडाइका साथ लागु गर्नु पर्दछ ।

| **विवरण** | **मर्म्त** | **ईन्धन** |
|---|---|---|
| अध्यक्षले प्रयोग गर्ने स्कोरपियो | ९८८५६८ | विवरण नखुलेको |
| ब्याक हु लोडर | ५४४४२८ | विवरण नखुलेको |
| एम्बुलेन्स | ६७४७४३ | विवरण नखुलेको |
| ट्रयाक्टर | १५७५६० | विवरण नखुलेको |
| २२ मोटरसाईकल ईन्धन मासिक १० | ५८५२३३ | ३५०७०० |
| निजि मोटरसाइकल २ वटा | ३०५६० | ४२००० |
| **जम्मा** | **२९१९९७२** | **२६७७०००** |

४६ **स्वकीय सचिव**

गण्डकी प्रदेश सरकारद्धरा जारी स्थानीय पदाधिकारी सुविधा ऐन को ११ बमोजिम पालिकाको अध्यक्षले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी राजपत्र अनङ्कित दितीय श्रेणी वा सो सरहको सुविधा उपलब्ध गराउने बाहेक निजि सचिवलाई अन्य सुविधा उल्लेख रहेको

देखिएन । पालिका प्रमुखले निजि स्वकीय सचिवको रुपमा भरत पोखरेललाई नियुक्त गरी उपलब्ध गराएको तलव बाहेकको निम्नानुसारका सुविधा सम्बन्धमा खर्च लेख्न मिल्ने कानुनी आधार पेश गर्नु पर्दछ। अन्यथा असूल गर्नु पर्दछ।

| क्र.स. | सुविधाको विवरण | भुक्तानि रकम |
|---|---|---|
| २ | दैनिक भ्रमण भत्ता | १४३०० |
| ३ | निजि मोटरसाइकल मर्मत | १५५६० |
| ४ | निनि मोटरसाइकललाई ईन्धन | २१००० |
| | जम्मा | ५०८६० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,८६० |

### ४७ कार्यक्रम खर्च

स्थानीय सरकार संचालन ऐन २०७४ को २४ मा स्थानिय तहले कार्यक्रम तयार गर्दा आर्थीक विकास तथा गरीबि निवारणमा प्रत्यक्ष योगदान पुग्ने, रोजगारी सृजना हुने जनताको जिवनस्तर, आम्दानी र रोजगार बढने, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना लगायतका कार्यमा ध्यान दिनुपर्ने तथा कुनै पनि किसिमको आर्थीक सहयाता, चन्दा, पुरस्कार एंव संस्थागत अनुदान वितरण गर्ने व्यवस्था रहेको देखिदैन। पालिकाले गा.पा. चालु अन्तर्गत कार्यक्रम शिर्षकमा रकम विनियोजन गरी निम्नानुसार भोजभतेर तथा सहयातामा खर्च गरेको पाइयो। पालिकाले सघिंय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिक्तम उपयोग हुने गरि कार्यमा केन्द्रित भई कार्यक्रम कार्यन्वयन गर्नुपर्नेमा भोज तथा समारोह जस्ता कार्यमा खर्च र सहयाता प्रदान गरेको कार्यमा नियन्त्रण हुनुपर्दछ।

| भौ. न. | विवरण | प्रयोजन | रकम |
|---|---|---|---|
| ७,०८०।६।१६ | तीज प्रतियोगिता | बोका खरिद लगायत भोज सामाग्री | १२०३१५ |
| ५२, ०८०।७।१४ | मौलो पुजा | बोका खरिद र वितरण | २५००० |
| ५७, ०८०।७।१६ | तीज प्रतियोगिता | दलित उत्थानलाई सहयाता | १००००० |
| | | जम्मा | २४५३१५ |

### ४८ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले दरबन्दीभित्रको रिक्त पदमा र स्वीकृत दरवन्दी बाहेकको पदमा समेत करारबाट कर्मचारी राखी तलव भत्ता भुक्तानी गरेको पाइयो । स्वीकृत दरबन्दीको पदमा प्रदेश लोकसेवा आयोगमा माग पठाई पदपुर्ति गरिनु पर्दछ। दरबन्दी नभएको पदमा नियुक्ती गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ।

| दरबन्दीभित्रको पद | सङ्ख्या | रकम |
|---|---|---|
| सव इन्जिनियर | १ | २१७६४१ |
| अ सव इन्जिनियर | १ | २०६१८५ |
| कम्प्युटर अपरेटर | १ | ४५१४९० |
| **दरबन्दी बाहिरको पद** | | |
| स क अ | १ | ४२७७२६ |
| अमिन | १ | ४२७७२६ |
| नेत्र सहायक | १ | २०८३९० |
| जम्मा | | १९३९१५८ |

४९ **अतिरिक्त समय भत्ता**

भौचर नम्बर १४६ र ३२८

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१)बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।स्थानीय तहले कानून नबनाई यो बर्ष अतिरिक्त समय कामकाज गरेको टिप्पणीबाट १८ कमर्चारीहरुलाई वर्षभरीमा २ पटक गरी कुल रु.९६२९२७।०० (कर कट्टि पश्चात यथार्थ भुक्तानी रु ८१८५०३)अतिरिक्त समय भत्ता वितरण गरेको पाईयो। सो मध्ये प्रमुख प्रशासकिय अधिकृत समेत १३ जना कर्मचारीहरुले रु ६९०४९४।०० लेखापरिक्षणको क्रममा फिर्ता गरी स्थानिय तहको सञ्चित कोषमा दाखिला गर्नु भएको छ।

एक सवारी चालक र चार कार्यलय सहयोगिहरुलाई भुक्तानी भएको रु १२८००९।०० फिर्ता दाखिला भएको छेन। सवारी चालकले पालिका अध्यक्षको साथ पालिकाको विकास निर्माणको अनुगमन र सेवाप्रबाहमा खटिदा अतिरिक्त समयको हाजिरी ब्यबस्थापन गर्न समेत कठिनाई हुने र कार्यालय सहयोगिहरुलाई कार्यालय खुल्नु अगाबै पदाधिकारी तथा कर्मचारीहरुको कार्यकक्ष तथा पालिका परिसर सरसफाई गर्नु पर्ने भई थप सुबिधा प्रदान गरिएकोले असूल गर्न नपर्ने पालिका पदाधिकारी हरुको भनाई रहेको छ। आगामि बर्ष देखि यस किसिमको अतिरिक्त समय भत्ता बितरण गर्दा ब्यबस्थापकिय तथा सहयोगि कर्मचारीहरु सबैको बिद्युतिय हाजिरीको आधारमा मात्र बितरण गर्नु पर्दछ। साथै पालिकामा कार्यालय सहयोगिको दरबन्दी पुनरावलोकन गरी बढि पदपूर्ति कटौती गरी प्रशासनिक खर्च घटाउनु पर्दछ।

कर्मचारीहरुले उत्कृष्ट कार्य सम्पादन गरी नागरीकको गुनासो न्यूनिकरण गरेमा, प्रदान गरीने सेवाको समय र लागत कटौती भएमा, पालिकाको आन्तरिक आय बढाउन कार्य गरेमा, वित्तिय अनुशासन पालना गरेमा, अत्यावश्यक कार्यमा बाहेक भ्रमण खर्च र बैठक भत्ता भुक्तानी नलिएमा कार्यपालिकाले कानुन निर्माण गरी कार्यसम्मपादनका सूचकहरु बनाएर मात्र प्रोत्साहन भत्ता बितरण गर्नु औचित्यपूर्ण हुने देखिन्छ।

| क्रम संख्या | **कर्मचारीको नाम** | **पद** | **कुल रकम** | **करबाहेको रकम** |
|---|---|---|---|---|
| १ | श्री लोक प्रसाद वि.क. | ह.स.चा. | ६९०३० | ५८६७६ |
| २ | श्री सम्झना अर्याल | का.स. | २४७०२ | २०९९७ |
| ३ | श्री हर्क बहादुर घर्ती क्षेत्री | का.स. | ४०४०० | ३४३४० |
| ४ | भावकृष्ण देवकोटा | का.स. | ८२३३ | ६९९८ |
| ५ | सुधा अर्याल | का.स. | ८२३३ | ६९९८ |
| | जम्मा | | १५०५९८ | १२८००९ |

५० **उपभोक्ता समिति मार्फतको कार्य**

५०.१

अधुरो निर्माण कार्यः-सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(११ शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । सो व्यवस्था बिपरीत पालिकाले ९० प्रतिशत भन्दा घटी भौतिक प्रगती भएका तपिशल अनुसार ठेक्काको कार्य अधुरो रहेकै अवस्थामा कार्य स्वीकार गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७(६) बमोजिम उपभोक्ता समितिले गरेको हरेक कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु त्यसतो समितिको बैंठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । र कार्यालयले सो प्रमाणलाई परीक्षण गरी भुक्तानी गर्नु पर्दछ । पालिकाले उपभोक्ता समितिबाट गराएको कामको नमूना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिलाई कार्यादेश दिएको काम सम्पन्न नगरी अधुरो छाडेको अवस्थामा समेत प्राविधिक नापजाँचबाट जतिको काम देखिएको छ त्यसको आधारमा भुक्तानी गरेको देखिन्छ । सम्झौता बमोजिमको काम सम्पन्न भए पश्चात कार्यसम्पन्न गरेर मात्र कार्य स्विकार गरी भुक्तानी गर्नु पर्दछ।

| गो.भौ.नं./मिति | योजनाको नाम | लागत अनुमान | अन्तिम Valuation | घटी कामको प्रतिशत |
|---|---|---|---|---|
| ७९-०८०।११।१७ | मरेसा सिमसारसम्म पक्की कुलो निर्माण | ३२१०६१ | २३३९९९.१३ | २७.११ |
| ६१-०८०।१०।२४ | ओख्ले कमेरेगैरा भित्रको गोरेटो बाटो मर्मत | ४१०००८ | २८४४५५.३१ | ३०.६२ |

५०.२ (३१-२०८०-९-३):

इस्टिमेट अनुसार काम नभएकोः- सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७(६) बमोजिम उपभोक्ता समितिले गरेको हरेक कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु त्यस्तो समितिको बैंठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ र कार्यालयले सो प्रमाणलाई परीक्षण गरी भुक्तानी गर्नु पर्दछ । तर पालिकाले उपभोक्ता समितिबाट काम गराउनका लागि छुट्याएको योजना कालिका मन्दिर जाने बाटो ढलान कार्यमा PCC M15 को कार्य गर्ने भनिएतापनि उपभोक्ता समितिले उक्त कामको Quality maintain गर्न नसकि PCC M10 को कार्य गरेको प्राविधिक नापजाँचबाट खुलेको र त्यसकै आधारमा रु.४८४५९५ भुक्तानी भएको देखिन्छ । यसरी इस्टिमेट अनुसारको Quality maintain नगर्दा समेत उपभोक्ता समितिलाई जिम्मेवार बनाएको देखिदैन।

५१ **सोझै निर्माण कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। पालिकाले सडक निर्माण, भवन मर्मत सुधार, चमेनागृह निर्माण, तटबन्ध निर्माण तथा जग्गा संरक्षण लगायतका १२ वटा निर्माण कार्य कोटेशन मार्फत लागत अनुमानकै हाराहारीमा काम गराई रु. ७८२२९६६।०० खर्च गरेको छ। जुन पालिकाका पुँजीगत खर्चको ८.३३ प्रतिशत रहेको छ । पालिकालेनै बोलपत्रद्धारा गरिएका निर्माण कार्यमा २१.२७ प्रतिशत देखि ३७.९३ प्रतिशत सम्म घटिमा सम्झौता भएको छ। बोलपत्रद्धारा गरिएको खरिदको न्यूनतम घटि प्रतिशत २१.२७ को आधारमा समेत सोझै खरिद गर्दा रु १६६३९४५।०० बढि खर्च भएको छ। सडक निर्माण योजना, फेन्सिङ कार्य, भवन मर्मत सुधार लगायतका कार्यलाई १० लाख भित्रका योजनाहरुमा टुक्राई सोझै खरिद गरि बढि ब्ययभार पारेकोले खर्च रकम नियमित देखिएन।

सोझै खरिदको सम्झौता गर्ने पदाधिकारीलाई बढि ब्ययभार पारेको रकमको बिषयमा जिम्मेवार बनाउनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| अनियमित भएको | १६,६३,९४५ |
|---|---|

## ५२ पूँजीगत शिर्षकबाट चालु प्रकृतिको खर्च

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुरुप खर्च संकेत प्रयोग गरी खर्च लेख्नु पर्दछ ।नमूना छनौटका आधारमा श्रेष्ताको जाँच गर्दा पालिकाले निम्नानुसारका कारोवारमा पूँजीगत शिर्षकबाट चालु प्रकृतिको रु.१०,३६,५७५ खर्च गरेको पाईएकोले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ।

| भौ.न.\मिति | खर्च शिर्षक | गरेको कार्य | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| २५-२०८०।८।१२ | पूँजीगत | आलुको बिउ खरिद तथा वितरणको लागि ५० प्रतिशत अनुदान | भगवति भौंसीपालन तथा कृषि बिउ उत्पादन फर्म | ४९५०५० |
| ४४-०८०।१०।९ | पूँजीगत | आलुको बिउ खरिद तथा वितरणको लागि ५० प्रतिशत अनुदान | पि.बि.के. ट्रेडर्स | ४९१५२५ |
| ६७-०८०।१०।२९ | पूँजीगत | आर्थिक सहायता | श्री अग्रदिप यूवा क्लब | ५०००० |
| | जम्मा | | | १०३६५७५ |

## ५३ सीप विकास तालिम-

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाका सीप विकास तालिम (आलु चिप्स, कुशन गुडिया, सावुन र सर्फ, जुत्ता चप्पल बनाउने लगायतका) मा रु.३७०५६३ खर्च भएको छ । पालिकाले उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले प्रति सहभागी लागतको आधारमा रु.११३६८८ भुक्तानी गर्नु ओचित्यूर्ण देखिएन।

## ५४ कृषि तर्फ

५४.१ पालिकाबाट प्राप्त बिबरण अनुसार पालिका र किसानको ५०/५० प्रतिशत लागत साझेदारीमा तरकारी, बिउ, मल, भिटामिन, मौरी पालन सामग्री, सुन्तला खेती लगायतमा पालिकाको रु २६ लाख ७८ हजार ३६४ र सम्बनिधत किसानको समेत सोहि बराबरको लगानी रहने गरी अनुदान बितरण भएको छ। बितरित अनुदान र किसानको लगानी समेत रु ५३ लाख ५६ हजार ७२८ को कार्य सम्बपन्न प्रमाण पेश नभएकोले योजनाको लक्ष्य र सम्झौता बमोजिम कार्य भएको भनि आस्वस्त हुने अवस्था छैन।

| पालिकाको अनुदान रकम | | | | | कार्यसम्पन्न प्रमाण पेश नभएको | |
|---|---|---|---|---|---|---|
| संख्या | अनुदान रकम | मल बीउ | पशु चौपाय | अन्य | किसानको लगानी | पूर्वाधार निर्माण सम्पन्न रकम |
| आमा समुह-१०५ | १५३५०१० | तरकारी बिउ, मल, भिटामिन | | | १५३५०१० | ० |
| व्यक्तिगत- करिब २०० | ११४३३५४ | सिपमुलक तालिम, मौरी सामाग्री, औषधी, सुन्तलाखेती औजार(सिकेचर, आरो आदी ) | | | ११४३३५४ | ० |
| जम्मा | २६७८३६४ | | | | २६७८३६४ | |

५४.२ **कृषि अनुदानः** सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिकरण एंव अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष अनुदान पाएका कार्यक्रमको रु २६ लाख ७८ हजार ३६४ अनुदान उपयोग सम्बन्धमा अनुगमन गरी उत्पादन र उत्पादकत्व सम्बन्धमा प्रतिवेदन तयार गरेको छैन ।विभिन्न कार्यविधिहरुमा एकपटक कुनै तहबाट अनुदान लिएकाको हकमा 2/3 बर्षसम्म कुनै पनि तहका सरकारले अनुदान नदिने उल्लेख भएकोमा सो को विवरण देखिने गरी कागजात रहेको देखिदैन । केही मापदण्ड तथा कार्यविधिमा अनुदान ग्राहीले कम्तिमा 10 बर्षसम्म अविच्छिन्न रुपमा प्रस्ताव बमोजिमको कार्य गर्नुपर्ने उल्लेख भएकोमा सो को परिपालनाको लागि संयन्त्र विकास गरेको छैन । जसले गर्दा अनुदान लिने र अवधि सकिएपछि काम छाडने प्रवृति देखिएकोले यसमा नियन्त्रण गर्ने गरी क्रियाकलाप संचालन गरी अनुदानग्राहीले तिन तहकै सरकारबाट अनुदान लिए नलिएको सुनिश्चित गर्नु पर्दछ ।

| सि.न. | विवरण | अनुदान रकम |
|---|---|---|
| १ | प्याज,सिमि र मुलाको बिउ वितरण कार्यक्रम | 99,767 |
| 2 | आलुको बिउ वितरण कार्यक्रम | 9,56,977 |
| 3 | उत्पादनमा उपाध्यक्ष कार्यक्रम अन्तर्गत मौरि घार वितरण तथा तालिम कार्यक्रम | 7,26,645 |
| 4 | लघु उद्यम विकास कार्यक्रम अन्तर्गत मौरि घार वितरण तथा तालिम कार्यक्रम | 1,33,960 |
| ५ | विषादि खरिद | 53,253 |
| 6 | विउ विजन, भिटामिन तथा भर्मीकम्पोष्ट मल खरिद | 4,78,266 |
| 7 | सिकेचर, आरो, तराजु, स्प्रेयर र भर्याङ खरिद | 2,29,496 |
| | जम्मा | २६७८३६४ |

५५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ३२ योजना सञ्चालन गरी यस वर्ष ७३ जनालाई औसत ९२ दिनले ६७०५ दिन

रोजगारी उपलव्ध गराई रु. ४५ लाख ५९ हजार ५९२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाले सञ्चालन गरेका स्थानिय रोजगार कार्यक्रमको योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिकाबमोजिम दिर्घकालिन रोजगारी वा आय आर्जनमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

५६ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरमा गत वर्ष ९९ थानको रु ८७२१९मुल्यका न्यानो झोला रहेको र यस वर्ष खरिद गरेको छैन। गत वर्ष १९ जना र यस वर्ष २९ जना र गरी ५८ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ६० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

५७ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले समानिकरण अनुदानबाट रु ५ लाख ३१ हजार ६०३, आन्तरीक स्रोतबाट रु १४ लाख २६ हजार ६१७ र संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रमबाट रु १० लाख ४२ हजार २५६ समेत जम्मा रु ३० लाख ०० हजार ४७६ को औषधी खरीद गरेको देखिन्छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन ।खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य कुन राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको छ भनि खुलाएको समेत छैन। खरिद वीलमा म्याद समाप्त हुने मिति, व्याच नं समेत नखुलेको, आपूर्ति भएका औषधि एवम सर्जिकल समान स्टोर दाखिला हुनुअधि स्पेशीफिकेशन अनुसार भए/ नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याज नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने व्यबस्था मिलाउनु पर्दछ। औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तारन्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्नु पर्दछ।

५८ **शैक्षिक निकासा तथा कार्यक्रम**

५८.१ **दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

पालिका अन्तर्गत ३१ वटा विद्यालयमा १९८ जना शिक्षक दरबन्दी भएकोमा सबै पदपूर्ति भएको र पदपूर्तिमध्ये ४८ जना करार / राहत शिक्षक रहेको देखिन्छ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या २४४८ जना रहेको देखिन्छ ।पालिकाबाट

प्राप्त बिबरण अनुसार १२ जना मात्र बिद्यार्थि भएका लक्ष्मी आधारमुत बिद्यालयमा ३ शिक्षक र १ बिद्यालय कर्मचारी र भवानी आधारभुत बिद्यालयमा २ शिक्षक एक बिद्यालय कर्मचारी कार्यरत रहेको देखिन्छ। यसै गरी ६ बिद्यार्थि रहेको सहिद आधारभुत बिद्यालयमा शिक्षक दरबन्दी खालि रहेकोले १ बिद्यालय कर्मचारीलेनै शिक्षण सिकाईको समेत जिम्मेवारी निभाएको अवस्था छ। दिपज्योती आधारभुत बिद्यालयमा ४९ बिद्यार्थी रहेकोमा शिक्षक ३ जना मात्र दरबन्दि रहदा शिक्षक बिद्यार्थि अनुपात १६ जना र ३८ जना बिद्यार्थि रहेको कृष्ण आबिमा शिक्षक दरबन्दी २ मात्र रहदा शिक्षक बिद्यार्थि अनुपात १९ जना रहेको छ। अर्को तर्फ १२ जना मात्र बिद्यार्थि रहेको लक्ष्मी आधारभूत बिद्यालयमा ३ शिक्षक रहदा शिक्षक बिद्यार्थी अनुपात ४ मात्र रहेको छ। तसर्थ शिक्षक बिद्यार्थी अनुपात समान बनाउन न्यून बिद्यार्थी र बढी शिक्षक भएका बिद्यालयहरुलाई बढि बिद्यार्थि र घटी शिक्षक भएका विद्यालयहरुमा शिक्षकको दरवन्दी मिलान एवं सम्भाव्यताको आधारमा बिद्यालयहरु समायोजन गर्नुपर्दछ ।

| सि.नं. | विद्यालय संख्या | शिक्षक दरवन्दी | पदपूर्ति | पदपूर्तिमध्ये करार/राहत | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ३१ | १९८ | १९८ | ४८ | २४४८ |

५८.२ **सेनिटरी प्याड खरिदः** सेनेटरी प्याड वितरण तथा व्यबस्थापन कार्यविधि, २०७६ मा खरिद गर्नु पर्ने प्याडको साईज तथा गुणस्तर तोकीएको छ। पालिकाले भौचर नम्बर ७४।२०८०।११।१७ बाट माउण्ट अन्नपुर्ण फार्मेसीको बिल संल्ग्न गरी १३ हजार प्याकेट सेनिटरी प्याड अल्ट्रा प्रति प्याकेट मूल्य अभिबृद्धिकर समेत रु ५८ को दरले रु ७ लाख ५४ हजारमा खरिद गरेको छ। सो को कुल लागत अनुमान रु ७६२४५०।०० अर्थात प्रति प्याकेट रु ५८.६५ रहेको छ। पालिकाले प्रति प्याकेट रु ०.६५ मात्र घटाई बिना प्रतिस्पर्धा सोझै खरिद गरेको छ। खरिद भएको सेनिटरी प्याड १८ डिसेम्बर २०२३ मा उत्पादन भएको उपयोग अवधि ३ बर्ष रहेको देखिन्छ। प्याडलिक्स कम्पनीको अल्ट्रा ह्यापी गर्ल ब्रान्डको सो प्याडमा प्रति प्याकेट ८ अल्ट्रा प्याड्स रहेको उल्लेख छ।खरिदको लागत अनुमान तयार गर्दा आवश्यक परिमाण, गुणस्तर तथा बिद्यार्थिको मागको बिषयमा शिक्षा शाखासग समन्वय भएको पेश भएको अभिलेखबाट देखिएन। पालिकाले खरिद गरेको प्याड निम्न बिद्यालयमा हस्तान्तरण भएकोमा सम्बन्धित बिद्यालयको जिन्सि खातामा मौज्दात रहेको वा सम्बन्धित बिद्यार्थिले बुझेको यकिन संख्या स्पस्ट देखिने गरी अभिलेख राखेको छैन। साथै सेनिटरी प्याडको सोचन क्षमता, औषधिय मापदण्ड तथा उपयोग अवधिको सम्बन्धमा गुणस्तर परिक्षण समेत गरी छात्राहरुको स्वस्थ्यमा सकरात्मक प्रभाव परेको छ भनि सुनिश्चित गर्नु पर्दछ।

| सि नं | विद्यालयको नाम | निकासा परिमाण | खरिद गरेको स्यानटरी प्याडको रकम |
|---|---|---|---|
| १ | अमज्योती मा.वि. | 1340 | 77720 |
| २ | पञ्चकन्या मा.वि. | 2455 | 142390 |
| ३ | घण्टे मा.वि. | 1340 | 77720 |
| ४ | सर्वोदय मा.वि. | 1440 | 83520 |
| ५ | दरौ मा.वि. | 1440 | 83520 |
| ६ | जन मा.वि. | 2200 | 127600 |
| ७ | बुद्ध आ.वि. | 340 | 19720 |
| ८ | सरस्वती आ.वि. | 245 | 14210 |
| ९ | स्टोर बाँकी | 2200 | 127600 |
| जम्मा | | 13000 | 754000 |

५८.३

**दिवा खाजाः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ बमोजिम स्थानीय तहले विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकाहरुका लागि रु. १५।- का दरले १८० दिनका लागि त्रैमासिक रुपमा निकासा गर्ने र तेस्रो त्रैमासिकमा अनुदान निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ३० वटा विद्यालयहरुलाई निम्नानुसार रु २९ लाख ४६ हजार ७८६ दिवा खाजा वापतको रकम निकासा गरेको पालिकाले पेश गरेको बिबरणबाट देखिन्छ । विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विद्यालय ब्यबस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले पेश गरेको विद्यार्थी उपस्थिति विवरणको आधारमा निकासा गरेकोले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा तथा खर्च भएको देखिएन। वजेटको सहि सदुपयोग हुने गरी मात्र खर्च गर्नु पर्दछ। साथै पालिकाभित्रका सामुदायिक विद्यालयहरुलाई दिवा खाजा उपलब्ध गराईदै आईरहेको भएतापनि कार्यक्रम कार्यान्वयन पुस्तिका 20८०/81 मा उल्लेख गरिएअनुसार दिवा खाजा कार्यान्वयन भएको पाईएन । साथै सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थि संख्या र दिवा खाजा कार्यक्रममा उल्लेख गरिएको विद्यार्थि संख्याको तथ्याङ्क सही भए नभएको सन्दर्भमा शिक्षा शाखाद्धारा अनुगमन गर्नुपर्ने देखिएको छ ।

**(विस्तृत विवरण बेरुजु दफा ५८.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८.४ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८.५ शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था छ। कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई ICT ल्याव व्यवस्थापनका लागि रु.६५००००।- का दरले निकासा भएको देखिन्छ । विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०८० असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। बिद्यालयहरुले प्रयोगशाला ब्यबस्थापन तथा पुस्तकहरु खरिदको बिल बिजक पेश गरेका छन। स्विकृत कार्यक्रम बमोजिम प्रयोगशाला तथा पुस्तकालयको सुदृढिकरण गरी शिक्षण सिकाईमा सुधार गर्नु पर्दछ।

| गो भौ नं र मिति | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| २८०।०८१।३।२१ | दरौ मा वि | ६५०००० |
| ३०३।०८१।३।२४ | पञ्चकन्या मा वि | ६५०००० |
| जम्मा | | १३००००० |

५८.६ **विद्यालय निकासाः** पालिकाबाट प्राप्त बिबरण अनुसार बिद्यालयगत निकासा बिबरण निम्न छ। शिक्षक बिद्यार्थि अनुपात र समान तहका शिक्षकहरुको प्रति शिक्षक निकासा समान भए नभएको यकिन गरी निकासा ब्यबस्थापन गर्नु पर्दछ। साथै सामुदायिक विद्यालयहरुले त्रैमासिक रुपमा तलब भत्ता माग गर्ने समयमा शिक्षकहरुको हाजिरी भएको,राजिनामा भएको लगायतका सम्बन्धित अन्य कागजात पेश गरे पश्चात मात्र निकास प्रदान गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५८.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८.७ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **५,४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५८.८ **दिवा खाजातर्फ बढी निकासाः** शर्त चालु तर्फको भौचर नं ५९,१७५ र २६६ बमोजिम गाउँफर्क आ.वि ले रु १,४८,४७० निकासा माग गरेकोमा रु १,५१,९०५ निकासा भई रु ३,४३५ बढि निकासा भएको देखिन्छ।सो वापतको रकम असूल उपर गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ३,४३५ |
|---|---|

५८.९ **पाठ्यपुस्तक बढी निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ मासार्वजनिक विद्यालयहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान प्रदान गर्दा IEMIS प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई को व्यवस्था छ। देहायका विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकको लागि अनुदान प्रदान गर्दा तोकिएको भन्दा बढी रकम निकासा भएकोले सो रकम सम्बन्धित विद्यालयबाट फिर्ता गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु

| गो भौ नं र मिति | विद्यालयको नाम | बढी निकासा रकम |
|---|---|---|
| १२२।०८१।१।१० | पञ्चकन्या मा वि | ४४४६८ |

पाठयपुस्तक वितरणका क्रममा स्थानीय तहले सामुदायिक विद्यालय संचालन निर्देशिकाले उल्लेख गरे बमोजिम विद्यार्थि संख्याको सही अनुमान गरी रकम निकासा गर्दा बढी निकासा गई फिर्ता गर्नुपर्ने समस्या निराकरण हुन सक्दछ ।

| असुल गर्नुपर्ने | ४४,४६८ |
|---|---|

## ५९ सामाजिक सुरक्षा भत्ता फिर्ता

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था रहेको छ। पालिकाले सोही अनुसार लाभग्राहीको लगत अद्यावधिक गर्नुपर्दछ । साथै उक्त कार्यविधिको अनुसूची १० अनुसार पालिकाबाट रकम प्राप्त हुनासाथ बैंकले लाभग्राहीको खातामा जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed)र बाँकी रकम भए सो रकम समेतको जानकारी गाउँपालिकालाई गराई उक्त बाँकी रकम चौमासिक रुपमा समायोजन गरी वितरण गर्नुपर्ने ब्यबस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले बैङ्कमार्फत निम्न अनुसूची अनुसार चार त्रैमासिकमा रु १० करोड ५७ लाख ८० हजार ४९२ सामाजिक सुरक्षा भत्ता निकासा भएको देखिन्छ। अभिलेख अद्यावधिक गरी सामाजिक सूरक्षा भत्ता सहि र यथार्थ रुपमा बितरण गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६० ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा करिव ३७.९३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायको अनुसुचीमा उल्लेख छ ।तसर्थ निर्माण कार्यको लागत अनुमान यथार्थपरक र मितब्ययी बनाउन पुनरावलोकन गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६१ सुविस्ताको आधारमा ठेक्का अन्त्य

६१.१ अधुरा ठेक्काको कार्य स्वीकार: - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(११ शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । सो व्यवस्था बिपरीत पालिकाले ९० प्रतिशत भन्दा घटी भौतिक प्रगती भएका तपिशल अनुसार ठेक्काको कार्य अधुरो रहेकै अवस्थामा कार्य स्वीकार गरेको छ । त्यसतै, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) बमोजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ । सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको बोलपत्रदाताबाट निर्माणको कार्य गराउँदा कार्य सम्पन्न नहुँदा समेत अधुरो कामको परीमाण घटाई भुक्तानी गरेको देखिन्छ। यसरी सम्झौता रकमको सितलादेवी निर्माण सेवाले ८१.९९ प्रतिशत, श्री लम्साल कन्स्ट्रक्सनले ५८.८५ प्रतिशत र सत्य निर्माण सेवाले ६०.५९ प्रतिशतसम्म मात्र सम्झौता अवधिसम्ममा काम सकेको देखिन्छ।यसरी सम्झौता अवधि भित्र काम नसकेको निर्माण व्यवसायीको जमानत जफत गरी बाँकि कामको लागत अनुमान तयार गरी निज निर्माण ब्यबसायीबाट असूल गर्नु गराउनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६१.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(११ शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । सो व्यवस्था बिपरीत पालिकाले ९० प्रतिशत भन्दा घटी भौतिक प्रगती भएका तपिशल अनुसार ठेक्काको कार्य अधुरो रहेकै अवस्थामा कार्य स्वीकार गरेको छ । त्यसतै, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) बमोजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ । सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने व्यवस्था छ ।

अर्जुन चौपारी वाडा नम्बर २ लामडाँडा सडक स्तर उन्नती कार्यको लागि मूल्य अभिबृद्धिकर र कन्टिन्जेन्सी समेत रु १ करोड ४९ लाख ७९ हजार १९५ को लागत अनुमान तयार गरी बोलपत्र आब्हान गरेकोमा शितलादेबि निर्माण सेवा प्रा ली(३००७०२१२५) सग रु १ करोड १५ लाख ०७ हजार ५२२ मा कार्य गर्ने गरी २०८०।९।१३ मा सम्झौता भएको छ। सम्झौता बमोजिम २०८१ असार १० सम्ममा निर्माण कार्य सम्पन्न गर्नु पर्दछ। निर्माण ब्यबसायीले रु ६१ हजार ८५१ प्रोभिजनल सम समेत निम्नानुसार रु ९४ लाख ९७

हजार १६४ (८१.९९ प्रतिशत)भुक्तानी लिएको छ। पालिकाले गरेको वित्तिय प्रगति बमोजिम सडक निर्माणको भौतिक प्रगति नदेखिएकोले स्पेशिफिकेसन अफ रोड्स एण्ड ब्रिज, २०७३, स्विकृत डिजाईन र सम्झौताको शर्त बमोजिम सम्झौता अवधि भित्र निर्माण कार्य गर्नु गराउनु पर्दछ।साथै यस सडकको वाताबरणिय परिक्षण प्रतिबेदन तथा बिस्त्रित परियोजना प्रतिबेदन समेत नभएको कारण निर्माण संरचनाको स्थलगत अवलोकन गर्दा ग्रेडिङ नमिलेको, भूक्षय भएको समेत देखिदा भएको खर्चबाट अपेक्षित प्रतिफल हासिल नहुने तथा संरचनाको निर्बिबाध प्रयोग गर्न नियमित मर्मत सुधारमा ठुलो खर्च भई रहने अवस्था समेत देखिएकोले योजनाको कुल लागत यकिन हुने अवस्था छैन। योजनाको कुल लागत यकिन नगरी थालनी भएको निर्माण कार्य औचित्यपुर्ण, मितब्ययी र नियमित देखिएन। पालिकाले सम्झौता बमोजिम कार्य गर्न गराउन नसकेको स्विकार गरी सम्झौता बमोजिम पूर्वनिर्धारीत क्षतिपूर्ति सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनको दरले कट्टि गरी बाँकि निर्माण कार्य गराउन नसकिने जनाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम ठेक्का अन्त गर्ने निर्णय गरेको छ। यसरी ठेक्का अन्त गर्दा सोहि ऐन को दफा ५९(८) बमोजिम सो काम वापत राखेको जमानत जफत हुने र सम्झौता बमोजिम बाँकि रहेको कार्य गर्न आवश्यक रकम सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकि सरह असूल उपर गरिने व्यवस्था छ। तर पालिकाले जमानत रकम जफत समेत नगरेको र बाँकि कार्य गर्न आवश्यक रकमको लागत अनुमान तयार गरी निजबाट असूल उपर नगरेकोले निर्माण ब्यबसायीलाई भुक्तानी गरेको खर्च रकम नियमित देखिएन।तसर्थ निजको जमानत रकम र बाँकि कार्य पुरा गर्न आवश्यक रकम यकिन गरी असूल गरेको प्रमाण पेश गर्नु पर्दछ। अधुरो कार्य पुरा गर्न पुन: कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने भएकोले यस्तो कार्य वन्द गरी ठेक्का सम्झौतानुसारको काम पुरा नहुदै कार्य स्वीकार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| क्रम संख्या | भौचर नम्बर मिति | भुक्तानी रकम (मुल्य अभिबृद्धि कर समेत) | श्रोत |
|---|---|---|---|
| १ | २६५।२०८१।०२।२२ | २४७१५२४ | गण्डकी प्रदेश |
| २ | २६६।२०८१।२।२२ | १४७१०६६ | आन्तरीक श्रोत |
| ३ | ३९३।२०८१।३।२४ | ३०५४५७४ | गण्डकी प्रदेश |
| ४ | ३९८।२०८१।३।२४ | २५००००० | गण्डकी प्रदेश |
| | जम्मा | ९४९७१६४ | |

६२ **तलबी प्रतिबेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका चालुतर्फ २८ कर्मचारीको रु.१६५१४७२८ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : अर्जुनचौपारी गाउँपालिका, स्यांजा , अर्जुनचौपरी गाउँपालिका , स्याङ्जा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | उज्वल बहादुर बस्नेत | २०७९-४-१ | २०८०-५-१२ |
| कार्यालय प्रमुख | कौशल पाण्डे | २०८१-६-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | निलकण्ठ पाण्डेय | २०८०-६-३० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७८०,१२० | २,६१८,२११ | ६,२५९,३९८ | ० | ० | ४००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १०,०५७,७२९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६,४०२,२६६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३,६५५,४६३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १७०७१८२२० | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८६४४९२१२ | चालु खर्च | २५१७८२२९९.८६ |
| प्रदेश सरकारबाट अनुदान | १७९०१७५० | पूँजीगत खर्च | ९३८३६५२७ |
| राजश्व बाँडफाँट | ६१३६०००५.८९ | वित्तीय/अन्य व्यवस्था | १४९६९७४७९.५४ |
| आन्तरिक आय | ७७१५१३३.२९ | | |
| अन्य आय | १२४७७८१४०.०२ | | |
| कुल आय | ४९८२०४२४१.२ | कुल खर्च | ४९५३१६३०६.४ |
| बाँकी मौज्दात | | १७३६०६१५४.८ | |

## बेरूजु दफा २४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

<table>
<tr><th rowspan="2">क्र= सं</th><th rowspan="2">बजेट शीर्षक उपशीर्षक</th><th rowspan="2">कुल खर्च</th><th></th><th colspan="4">त्रैमासिक खर्च</th></tr>
<tr><th>प्रथम त्रैमासिक</th><th>दोस्रो त्रैमासिक</th><th>तेस्रो त्रैमासिक</th><th>चौथो त्रैमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>;+3Lo ;dfgLs/0f cg'bfg</td><td>44230085</td><td>2289037</td><td>2446325</td><td>9573895</td><td>29920828</td><td>19026372</td></tr>
<tr><td>@</td><td>k|b]z ;dfgLs/0f cg'bfg</td><td>7169655</td><td>0</td><td>1150000</td><td>1083150</td><td>4936505</td><td>4936505</td></tr>
<tr><td>#</td><td>cfGtl/s ;|f]t</td><td>22826049</td><td>443400</td><td>457140</td><td>5410058</td><td>16515451</td><td>6786904</td></tr>
<tr><td>$</td><td>/fhZj afF8kmfF8</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>0</td></tr>
<tr><td>%</td><td>;3Lo z;t{ cg'bfg</td><td>7610738</td><td>1506706</td><td>0</td><td>1650000</td><td>4454032</td><td>834485</td></tr>
<tr><td>^</td><td>;3Lo ;dk'/s</td><td>7000000</td><td>0</td><td>0</td><td>2000000</td><td>5000000</td><td>3000000</td></tr>
<tr><td>&</td><td>k|b]z ;dk'/s</td><td>5000000</td><td>0</td><td>28476</td><td>0</td><td>4971524</td><td>2500000</td></tr>
<tr><td></td><td>hDdf</td><td>93836527</td><td>4239143</td><td>4081941</td><td>19717103</td><td>65798340</td><td>37084266</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>५</td><td>४</td><td>२१</td><td>७०</td><td>३९</td></tr>
</table>

## बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची - ४

| सि.नं. | कार्यक्रम/योजनाको नाम | लागत अनुमान रकम (भ्याट, बाहेक) | सम्झौता मिति | निर्माण व्यवसायीको नाम | सम्झौता रकम ने.रु. (भ्याट, बाहेक) | यस आ. व. को खर्च रकम (भ्याट, बाहेक) |
|---|---|---|---|---|---|---|
| १ | Constructions Of Canteen | 6,44,770.17 | 22-07-2080 | AC Nirman Sewa | 6,41,392.15 | 6,18,211.01 |
| २ | Dhakalchaupari Kunchebari Biruwa Sadak | 7,77,876.00 | 12-09-2080 | Panchamul Nirman Sewa | 7,77,876.00 | 6,52,477.50 |
| ३ | साझा सुविधा केन्द्र ढुंगा कटिङ ट्रस निर्माण | 7,24,245.48 | 15-12-2080 | AC Nirman Sewa | 7,24,245.48 | 7,23,495.71 |
| ४ | Fencing Works in Exercise Park | 8,55,287.86 | 26-02-2081 | Anger Bhanger Nirman Sewa | 8,48,608.37 | 8,02,034.51 |
| ५ | Fencing Works in Administration Building And Public Land | 8,03,389.06 | 10-03-2081 | P.S Infra Pvt Ltd | 7,96,258.00 | 6,90,692.14 |
| ६ | Gajebo | 4,55,099.21 | 10-03-2081 | Santosh Nirman Sewa | 4,53,554.19 | 4,46,461.46 |
| ७ | UPVC Partations Works | 5,99,011.87 | 02-03-2081 | Khilung Kalika Steel and Aluminium Udhyog | 4,21,446.91 | 3,62,097.29 |
| ८ | जिरो पिपलडाँडा माझपाटा सडक | 8,61,420.77 | 12-09-2081 | SS Builders | 8,56,885.00 | 8,56,222.76 |
| ९ | अर्जुनचौपारी राम्चे सिर्खु तालपोखरी मोटर बाटो | 8,61,546.67 | 22-09-2080 | Supreme Construction | 8,57,820.00 | 8,16,946.10 |
| १० | Arjunchaupari Devkotathar Motarbato | 4,30,971.20 | 24-09-2080 | Kamana Construction | 4,28,275.00 | 4,27,230.56 |
| ११ | पञ्चकन्या पर्यटन पूर्वाधार निर्माण | 8,61,542.04 | 22-09-2080 | Phursamata Construction | 8,55,764.50 | 8,54,927.09 |
| १२ | आरुचौर वडा कार्यालय भवन स्वास्थ्य चौकी जाने मोटरबाटो स्वास्थ्य चौकी मर्मत | 5,80,069.73 | 23-09-2080 | Arjunchaupari Construction | 5,75,978.92 | 5,72,170.72 |
| | जम्मा | | | | 82,38,104.51 | 78,22,966.85 |

## बेरूजु दफा ५८.३ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र स. | विद्यालयको नाम | दिवाखाजा |
|---|---|---|
| १ | श्री पञ्कन्या मा.वि. | २६२४५५ |
| २ | श्री अमरज्योति मा.वि | २०५२९९ |
| ३ | श्री जन मा.वि. | ३४९४७७ |
| ४ | श्री सर्वोदय मा.वि. | ७९११० |
| ५ | श्री घण्टे मा.वि. | १६७५३५ |
| ६ | श्री दरौँ मा.वि. | १७७१२० |
| ७ | भवानी आ.वि. | २३३८५ |
| ८ | कृष्ण आ.वि. | ९४५४५ |
| ९ | नवदुर्गा आ.वि. | ३६२२५ |
| १० | पिपलडाँडा आ.वि. | २७७८० |
| ११ | रानीचरी आ.वि. | १२५६०० |
| १२ | सिद आ. वि. | ४५१६५ |
| १३ | चण्डीडाँडा आ.वि. | २६४३० |
| १४ | गणेश आ.वि. | ७७६१० |
| १५ | जन प्रिय आ.वि. | ६१२६० |
| १६ | कामक्ष्य देवी आ.वि. | ५५५१५ |
| १७ | सरास्वति आ.वि. | ११३२०५ |
| १८ | आर्दश आ.वि. | १०८११५ |
| १९ | लाकुरी आ.वि. | २४१९५ |
| २० | शहिद आ.वि. | १०९६५ |
| २१ | बयाले आ.वि. | ११८३०५ |
| २२ | बुद आ.वि. | ९७२७५ |
| २३ | दिपज्योति आ.वि. | ११०३७० |
| २४ | देविस्थान आ.वि. | ४२२४० |
| २५ | कालिका आ.वि. | ६२१०५ |
| | | |

| | | |
|---|---|---|
| २६ | सुर्योदय आ.वि. | ८१२१० |
| २७ | राष्ट्रिय आ.वि. | ९०४३५ |
| २८ | गाउँफर्क आ.वि. | १५१९०५ |
| २९ | जन विकास आ.वि. | ८८९२० |
| ३० | लक्ष्मी आ.वि. | ३३०३० |
| | जम्मा | २९४६७८६ |

## बेरूजु दफा ५८.६ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| विद्यालयकोनाम | प्रथम | दोस्रो | चैत्र | वैशाख | जेठ | असार | बार्षिक तलब भत्ता निकासा | शिक्षक संख्या |
|---|---|---|---|---|---|---|---|---|
| श्री पञ्कन्यामा.वि. | ६९२१४८६ | ५९१०७२९ | १७८७६८१ | १४९३३५९ | ० | ३११६७६३ | १९२३००१८ | ३० |
| श्री अमरज्योतिमा.वि | ३४११४८० | २७७७०८० | ८६८७७५ | ७११०२० | ७११०२० | ७११०२० | ९१९०३९५ | १६ |
| श्री जन मा.वि. | ४११९०५६ | ३५४२८४३ | ११०२६८९ | ८६२१३३ | ८७१६४५ | ८९१४२३ | ११३८९७८९ | १८ |
| श्री सर्वोदयमा.वि. | ४४०८०८८ | ३७६१७७५ | ११५७८९८ | ९५६७६० | ९५६८६९ | ९५६८६९ | १२१९८२५९ | १९ |
| श्री घण्टेमा.वि. | ३५६२९४० | २९१२०१२ | ९०४३९७ | ७१७८६६ | ७४४१८९ | ७४४१८९ | ९५८५५९३ | १७ |
| श्री दरौँमा.वि. | ३८६७१५७ | २९४३२०६ | ९११३४८ | ७५३१५२ | ७५२४१६ | ७५२४१६ | ९९७९६१५ | १८ |
| भवानी आ.वि. | ३३३३१० | ४७१५८१ | १३७६९५ | १००८९५ | ११६१९४ | ११७८९५ | १२७७५७० | २ |
| कृष्ण आ.वि. | ६४३२८७ | ५२५४९३ | १७१३७३ | १३१३७३ | १३१३७३ | १३१३७३ | १७३४२७२ | २ |
| नवदुर्गा आ.वि. | ६०६४२७ | ४९५४५९ | १६३८६४ | १२३८६४ | १२३८६४ | १२३८६४ | १६३७३४२ | २ |
| पिपलडाँडाआ.वि. | ४९५४७७ | ३२२७८० | ११८६९४ | ८९९०० | ८९९०० | ८९९०० | १२०६६५१ | २ |
| रानीचरी आ.वि. | ८१७८०९ | ७५०७९७ | २४७६९९ | १९५८१५ | २३३६७१ | २३३६७१ | २४७९४६२ | ५ |
| सिद आ. वि. | ५१४३९९ | ४७१५८२ | १५७८९५ | १२१९५३ | १२१५८५ | १२१५८५ | १५०८९९९ | २ |
| चण्डीडाँडाआ.वि. | ९६९५०७ | ७३७२२५ | २३७३२६ | २२५०४१ | ११२९३४ | ११२९३४ | २३९४९६७ | २ |
| देउराली आ.वि. | २९७८१३ | २४३३२९ | ८०८३२ | ६०८३२ | ० | ० | ६८२८०६ | ० |
| गणेश आ.वि. | १०१२५०१ | ७३५७३६ | २४५८५८ | २०६७८२ | २०६०४६ | २०६०४६ | २६१२९६९ | ४ |
| जन प्रिय आ.वि. | ५७०८९० | ४६६४९६ | १५६६२४ | ११९०३४ | ११९०३४ | ११९०३४ | १५५१११२ | २ |
| कामक्ष्य देवीआ.वि. | ४९७७३२ | ४०८१५२ | १३२०३८ | १०४४४९ | १०४४४९ | १०४४४९ | १३५१२६९ | २ |
| सरास्वति आ.वि. | १७७२८०५ | १६६७२४० | ४९०३८५ | ३८४२७० | ३६८८५२ | ३८३९०२ | ५०६७४५४ | ८ |
| आर्दश आ.वि. | ८५६६४३ | ८२७९०९ | २७३२५० | २१५६६३ | २१५६६३ | २१५६६३ | २६०४७९१ | ४ |
| लाकुरी आ.वि. | ५७६८०८ | ५०५६४९ | १६६४१२ | १२४६२९ | १२८८२५ | १२८८२५ | १६३११४८ | २ |
| शहिद आ.वि. | १६०००० | १२८००० | ५२००० | ३२००० | ३२००० | ३२००० | ४३६००० | ० |
| बयाले आ.वि. | १३३४५७७ | १०२४९३६ | ३४०३२५ | २६३९४४ | २६३९४४ | २६३९४४ | ३४९१६७० | ५ |
| बुद आ.वि. | १७९६१५२ | १५७२१८४ | ४८६२१४ | ३९०६३५ | ३८९८९९ | ३८९८९९ | ५०२४९८३ | ८ |
| दिपज्योतिआ.वि. | ९०२३०२ | ७३८३२० | २३४५८० | १८४५८० | १८४५८० | १८४५८० | २४२८२४९ | ३ |
| देविस्थानआ.वि. | १०२३०९३ | ८३८५२० | २६९६३० | २१२०४३ | २१२०४३ | २१२०४३ | २७६७३७२ | ४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कालिका आ.वि. | ५८०४७७ | ४२२६५६ | १४९७१४ | ११०५२१ | ११०५२१ | ११०५२१ | १४८४४१० | २ |
| सुर्योदय आ.वि. | ६२७०८७ | ४८४७४१ | १५०७६३ | १२६४२२ | १२६०५४ | १२६०५४ | १६४११२१ | २ |
| राष्टिय आ.वि. | ८८९९७० | ८४४४६२ | २५९७७२ | २०६२४३ | २०५८७५ | २०५८७५ | २६१२१९७ | ४ |
| गाउँफर्क आ.वि. | १२४७३२२ | १०१७५३६ | ३२४३८४ | २५४३८४ | २५४३८४ | २५४३८४ | ३३५२३९४ | ५ |
| जन विकास आ.वि. | १०९६२४६ | ८७३७६१ | २८०५२६ | २२६९९८ | २२६६३० | २२६६३० | २९३०७९१ | ५ |
| लक्ष्मी आ.वि. | ५७०७८३ | ४६६४९७ | १५६६२४ | ११७८३० | ११७८३० | ११७८३० | १५४७३९४ | ३ |
| जम्मा | ४६४८३६२४ | ३८८८८६८६ | १२२१७२६५ | ९८२४३९० | ८२३२२८९ | ११३८५५८१ | १२७०३१८३५ | १९८ |

## बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची -७

| वडामा भएको खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | 5460676 | 5471639 | 5508236 | 5523076 | 21963627 |
| २ | 3895476 | 3971170 | 4006941 | 4054034 | 15927621 |
| ३ | 3735064 | 3702402 | 3654697 | 3642577 | 14734740 |
| ४ | 3303928 | 3340060 | 3396598 | 3428453 | 13469039 |
| ५ | 4331843 | 4371223 | 4438617 | 4450279 | 17591962 |
| ६ | 5528197 | 5503628 | 5515402 | 5546276 | 22093503 |
| जम्मा | 26255184 | 26360122 | 26520491 | 26644695 | 105780492 |

## बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -८

| क्र.सं. | योजनाको नाम (ठेक्का नं.) | लागत अनुमान (भ्याट र पिएस बाहेक) | बोलपत्रदाता | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अर्जुनचौपारी वडा नं.३ रोड स्तरोन्नति )ACRM/NCB/W/RD/01/2080/81) | १,७०,९६,०१६.९८ | Kailmandu/anger Bhanger JV | १,२७,१९,६०९.४० | २६.३३ |
| २ | अर्जुनचौपारी वडा नं.२ रोड स्तरोन्नति (ACRM/NCB/W/RD/02/2080/81) | १,२७,७५,१६८.७९ | Sitaladevi Nirman Sewa Putalibazar | १,०१,८३,६४८ | २१.२७ |
| ३ | अर्जुनचौपारी वडा नं.६ रोड स्तरोन्नति (ACRM/NCB/W/RD/03/2080/81) | १,२८,२५,५९९.९८ | Punchamul Nirman Sewa Pokhara | ९६,२३,२६४.५५ | २५.६८ |
| ४ | Bridge Over Khatte Khola (ACRM/NCB/W/RD/04/2080/81) | १,४२,९१,२१५.१६ | Shree Anger Bhanger Nirman Sewa | १,०३,१३,३३५.८० | २७.८३ |
| ५ | अर्जुनचौपारी वडा नं.५ रोड ग्राभेल (ACRM/NCB/W/RD/05/2080/81) | २१,०६,१३१.०२ | Shree lamsal construction pokhara | 14,03,600 | ३३.३५ |
| ६ | Construction works at Industrial Village (ACRM/NCB/W/RD/05/2080/81) | १६,८१,३२१.५५ | Arjunchaupari Construction | ११,९६,६७३ | २८.८२ |
| ७ | Lining and Cladding Works in Gadeulikhola (ACRM/NCB/W/RD/09/2080/81) | ३८,१०,९२३.०८ | Satya nirman sewa, syangja | २३,६५,३९८.८५ | ३७.९३ |
| ८ | Land development works at Industrial Village (ACRM/NCB/W/RD/10/2080/81) | २९,८३,७४८.९८ | Arjunchaupari Construction | २०,६७,८४२.५० | ३०.६९ |
| ९ | Approach road to Industrial Village (ACRM/NCB/W/RD/11/2080/81) | ३२,७६,२८०.३७ | Arjunchaupari Construction | २२,५५,१३७.६० | ३१.१६ |

## बेरूजु दफा ६१.१ सँग सम्बन्धित विवरण - अनुसूची -९

| ठेक्का नं. र आ. व. | कार्यक्रम/योजनाको नाम | लागत अनुमान रकम (भ्याट बाहेक) | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम ने. रु. | यस आ. व. को खर्च रकम (प्रोभिजनल सम बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ACRM/NCB/W/RD/02/2080/081 | Upgrading of Arjunchaupari- Ward2 Rural Road | 1,27,75,168.79 | Sitaladevi Nirman Sewa PutaliBazar | १३-०९-२०८० | १०-०३-२०८१ | 1,01,83,648.00 | 8349845 | 81.99% |
| ACRM/W/RD/05/2080/81 | Gravelling Works in Aaruchaur Road Section | 21,06,131.02 | Shree Lamsal Construction,Pokhara-17 | २०-०९-२०८० | १५-०२-२०८१ | 14,03,600.00 | 8,55,216.75 | 58.85% |
| ACRM/NCB/W/LNG/09/2080/081 | Lining and Cladding Works in Gadeulikhola | 38,10,923.08 | Satya Nirman Sewa, Syangja | ०९-०१-२०८० | ३२-०२-२०८१ | 23,65,398.85 | 14,33,212.09 | 60.59% |
| जम्मा | | | | | | | 1,06,38,263.84 | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।